

विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७
६६२०५५९



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



**मजदुर दैनिक विज्ञापन शाखा**

नगाँचा, कमलविनायक, भक्तपुर-९, फोन नं.९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**भाइबर नं.** : ९७४४४२४४६५

**Gmail :** majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क : ३३ ★ ने. सं. ११४६ चिल्ला थ्व, नवमी ★ बुधबार ★ १३ फागुन, २०८२ ★ February 25, 2026, Wednesday ★ मूल्य रु.५।– ★ पृष्ठ ८


## साम्राज्यवादी नीति रहेसम्म जनताले शान्ति र सुरक्षाको अनुभूति नपाउने

भक्तपुर, १२ फागुन । "राजनीतिक पार्टी कुनै न कुनै दर्शन, सिद्धान्त र विचारको आधारमा चलेको हुन्छ । समाजवादी दर्शनले काम गरी खाने वर्गको पक्षमा काम गरेको हुन्छ भने पुँजीवादी दर्शनले पुँजीपतिवर्गको सेवा गर्छ ।"

उक्त विचार नेमकिपाका सचिव एवं भक्तपुर क्षेत्र नं. १ का प्रत्यक्ष उम्मेदवार प्रेम सुवालले वडा नं. ६ मा आयोजित चुनावी सभामा मङ्गलबार व्यक्त गर्नुभएको हो ।

साम्राज्यवादी अमेरिकाले भेनेजुयलाको प्राकृतिक स्रोत, साधन, खनिज तथा तेल कब्जा गर्न आक्रमण गरेको उल्लेख गर्दै उहाँले साम्राज्यवादी नीति कायम रहेसम्म संसारका जनताले सुरक्षा र शान्तिको अनुभूति गर्न पाउने छैनन् भन्नुभयो ।

सरकारले देशको लागि आवश्यक मात्रामा विद्युत् उत्पादन नगरेको कारण भारतबाट महँगोमा नेपालमा बिजुली आयात गर्न बाध्य भएको स्पष्ट पार्दै उहाँले देशको सबभन्दा सस्तोमा विद्युत् उत्पादन हुने माथिल्लो कर्णाली योजना नेपाली जनताको सपना हो भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले नेपालको राजनीतिमा नेमकिपाले देश र जनताको पक्षमा नि:स्वार्थ र इमानदारीपूर्वक काम गर्दै आएको विचार व्यक्त गर्नुभयो ।

शासक दलका नेताहरू पद र पैसाको निम्ति राजनीतिमा लागेको कारण देशमा भ्रष्टाचार, बेथिति र अनियमितता बढेको उल्लेख गर्दै उहाँले देशघाती एमसीसी पास नगराउन नेमकिपाले सदन र सडकमा सङ्घर्ष गरेको बताउनुभयो ।

नेमकिपा नगर समिति भक्तपुरका प्रतिनिधि लक्ष्मीभक्त लासिवाले देशमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको चलखेल बढिरहेकोमा चिन्ता व्यक्त गर्दै शासकहरू भ्रष्ट भएकै कारण विदेशी शक्ति राष्ट्रले शासकहरूलाई उपयोग गरेको बताउनुभयो ।

गोपीकृष्ण चाँगुभारीको सभापतित्वमा भएको सो सभामा सुजी ह्योङ्गोजु, पूर्णभक्त सुवाल र सुरेशन धुसुले पनि बोल्नुभएको थियो ।

## चुनाव पनि एउटा वर्गीय सङ्घर्ष हो

भक्तपुर, १२ फागुन । "नेपाल मजदुर किसान पार्टीको राजनीति इमान र सेवाको राजनीति हो; दलबदल र गठबन्धनको राजनीति बेइमानी र जालझेलको राजनीति हो । गरिब मजदुर, किसान र श्रमजीवीहरूलाई सहज रूपमा उच्च शिक्षा र मेडिकल शिक्षा प्रदान गर्ने ख्वप विश्वविद्यालयलाई स्वीकृति नदिनु शासक दलहरूको पूर्वाग्रही हो ।" सूर्यविनायकको एउटा भेलामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशका सभासद् सृजना सैंजुले दिनुभएको अभिव्यक्ति हो यो ।

समाजवादी क्युवाले विश्वमै कठिन अवस्था झेलिरहेका मुलुकहरूमा डाक्टर पठाई मानवताको सेवा प्रदान गरिरहेको चर्चा गर्दै उहाँले त्यस्तो मुलुकलाई ६६ वर्षदेखि अमानवीय नाकाबन्दी गर्दै आएका अमेरिकी साम्राज्यवादी नीतिको सर्वत्र विरोध गर्नुपर्ने बताउनुभयो । उहाँले गत भदौ २३ र २४ गते भएको प्रदर्शनमा अमेरिकाको हात रहेको खुलासा भइसकेको र विस्तारवादी भारत र साम्राज्यवादी अमेरिकाको नेपालस्थित राजदूतावासमा आफ्नो दुनो सोझ्याउन धाइराख्ने पार्टी चाहे नयाँ होस् या पुरानो तिनीहरूलाई यो चुनावमा मत दिएर जिताउनु हुँदैन; जनताको जीवनस्तर उकास्न शिक्षा, स्वास्थ्य, सफाइ र रोजगारीमा जोड दिँदै आएको पार्टीलाई मतदान गर्न अपिल गर्नुभयो ।


***बाँकी पृष्ठ ८ मा***


***व्यङ्ग्यचित्रको कुनो***




# क्रान्तिकारी विचार नै नयाँ



भक्तपुर, १२ फागुन । नेपाल मजदुर किसान पार्टी निर्वाचन परिचालन समिति भक्तपुर क्षेत्र नं. २ को आयोजनामा मध्यपुर थिमि बालकुमारीमा मङ्गलबार चुनावी जनसभा भयो ।

सभामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुनिल प्रजापतिले समाजवादी व्यवस्थाले मात्र बहुमत जनताको हित हुने उल्लेख गर्दै सरकारमा गएका दलहरूले घोषणापत्रमा ठुला ठुला कुरा गरे पनि जनविरोधी गतिविधि गरिरहेको बताउनुभयो ।

नयाँ भनाउँदा पार्टीको कुनै नीति, कार्यक्रम तथा सिद्धान्त र विचार नभएको उल्लेख गर्दै उहाँले विचारको आधारमा जनताले मत हाल्नुपर्ने, नयाँ तथा युवा उमेरले होइन विचारले हुने र क्रान्तिकारी विचार नै नयाँ हुने बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य अनुराधा थापामगरले नेमकिपाका उम्मेदवार निष्कलङ्कित र सच्चा भएको कारण नेमकिपाका उम्मेदवारलाई मतदान गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा उम्मेदवार रमेश वैद्यले निर्वाचन घोषणापत्रको लडाइँ हो र मतदाताले घोषणापत्र हेरी मत हाल्नुपर्छ भन्नुभयो ।

अहिले नेपालमा कृषकहरू मल, बीउबिजन र सिँचाइमा आत्मनिर्भर नभएको कारण किसानले दु:ख पाएको उल्लेख गर्दै उहाँले देशमा उद्योग कलकारखाना नभएको कारण युवाहरू विदेश पलायन हुन बाध्य भएको बताउनुभयो । विदेशी दलाल भ्रष्टाचारी र बलात्कारीलाई फाँसीको सजाय हुने कानुनी व्यवस्था गर्नुपर्नेमा जोड दिँदै उहाँले देशमा रासायनिक मल कारखाना खोल्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेमकिपा भक्तपुर जिल्ला समिति सदस्य सूर्यराम था र निर्वाचन परिचालन समितिका संयोजक वीरकृष्ण प्रजापतिले मन्तव्य राख्नुभएको थियो ।

## तनहुँ र पर्वतमा नेमकिपाको चुनावी प्रचार

तनहुँ १२, फागुन । नेपाल मजदुर किसान पार्टी चुनाव परिचालन समिति तनहुँले शुक्लागण्डकी नपाको दुलेगौँडा, खैरेनीटार, भिमाद नपाको भिमाद बजार, म्याग्दे गापाको अकला र धँयरेमा मङ्गलबार चुनावी सभा सम्पन्न गर्‍यो ।

सभामा नेपाल क्रान्तिकारी युवा सङ्घका अध्यक्ष मिनबहादुर बाटाले विदेशीको इसारामा केही उच्छृङ्खल तत्त्वहरूले नेपालको झन्डा ओढेर सार्वजनिक सम्पत्ति खरानी बनाएको प्रसङ्ग उल्लेख गर्दै नेपालको झन्डा दुरुपयोग गरेर प्रदर्शनमा उत्रनेहरू सबै देशभक्त नहुने स्पष्ट पार्नुभयो ।

उहाँले सामाजिक सञ्जालमा आएका सबै कुरा सत्य नहुने बताउँदै नेपाली जनताले आसन्न निर्वाचनमा राजनीतिक दलहरूको घोषणापत्र राम्ररी अध्ययन गरेर मत दिनु जरुरी रहेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी किसान सङ्घका हरिराम सुवालले नेपाल मजदुर किसान पार्टी किसान आन्दोलनको जगमा उभिएको उल्लेख गर्दै नेपालका बहुसङ्ख्यक किसानहरूको हितको निम्ति समाजवादी गणतन्त्र आवश्यक रहेको स्पष्ट पार्नुभयो ।

नेपाल मजदुर किसान पार्टी गोर्खा जिल्ला समितिका अध्यक्ष प्रह्लाद लामिछानेले साम्राज्यवादी र विस्तारवादीका दलालहरूलाई परास्त गर्न यो निर्वाचनमा नेपाली जनताले सही उम्मेदवार छनोट गर्नुपर्ने उल्लेख गर्नुभयो ।

नेपाल मजदुर किसान पार्टीका उम्मेदवार लक्ष्मण अधिकारीले भ्रष्टाचारीहरूलाई मृत्युदण्डको सजाय दिन, जनताको शिक्षा स्वास्थ्य नि:शुल्क गराउन, एमसीसीका मतियारहरूलाई


***बाँकी पृष्ठ ८ मा***


## देशविरोधी सन्धि सम्झौता खारेज गराउन आवश्यक

रुपन्देही, १२ फागुन । नेपाल मजदुर किसान पार्टीले रुपन्देही क्षेत्र नं. २ का विभिन्न स्थानमा कोणसभा र घरदैलो कार्यक्रम गर्‍यो ।

सो घरदैलो तथा कोणसभामा नेमकिपाका केन्द्रीय सदस्य एवं लुम्बिनी प्रदेश समितिका संयोजक हरिसुन्दर बासीले पुँजीवादी व्यवस्थामा सच्चा कम्युनिस्ट पार्टी सरकारमा जान्दैन भन्नुभयो । नेमकिपा प्रतिपक्षमा बस्ने पार्टी भएकोले जनतालाई सचेत बनाउन चुनावलाई उपयोग गर्दै आएको उल्लेख गर्दै उहाँले बहुदलीय व्यवस्था स्थापना भएको ३५ वर्षमा शासक दलले देशको अहितमा विभिन्न सन्धि सम्झौता गरेको बताउनुभयो ।

देशविरोधी सन्धि सम्झौता खारेज गर्ने, देश र जनताको सेवा गर्ने सांसद देशको निम्ति खाँचो छ भन्नुभयो ।

नागरिकता सार्वभौमिकतासँग जोडिएको विषय भएको हुँदा अङ्गीकृत नागरिकलाई वंशजको नागरिकता प्रदान गरी विदेशीहरूलाई देशको उच्च पदमा पुर्‍याउने कानुन खारेज गराउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

नेमकिपा लुम्बिनी प्रदेश समितिका सदस्य हरिप्रसाद बासुकलाले नेमकिपा घोषणापत्रअनुसार काम गर्ने पार्टी हो; घोषणापत्रअनुसार काम गरेकोले नेमकिपाले जितेको भक्तपुर नगरपालिका सबै नगरपालिकाको लागि सिक्ने नगरपालिका बन्न सफल भएको बताउनुभयो ।

रुपन्देही क्षेत्र नं. २ का उम्मेदवार रोशिना ब्याञ्जुले नेमकिपाको उद्देश्य समाजवादी व्यवस्था स्थापना गर्नु हो; शिक्षा र स्वास्थ्य नि:शुल्क बनाउन उत्पादनका मुख्य मुख्य साधन राष्ट्रियकरण गर्न, योग्यताअनुसारको काम र कामअनुसारको ज्यालाको लागि सङ्घर्ष गरिरहेको बताउनुभयो ।




काभ्रेपलाञ्चोक क्षेत्र नं. २ नाला र बनेपामा नेपाल मजदुर किसान पार्टीको घरदैलो प्रचारप्रसार २०८२ फागुन ११ गते सोमबार ।

*तस्बिर : मजदुर दैनिक*

# आयोगले निर्वाचन आचारसंहिताको स्मरण गरायो

काठमाडौँ, १२ फागुन । निर्वाचन आयोगले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आचारसंहिता लाग्ने व्यक्ति, समूह संस्थाका बारेमा पुनःस्मरण गराएको छ । पछिल्ला दिनमा आचारसंहिता उल्लङ्घनका घटना सार्वजनिक भएका र उजुरीसमेत उल्लेख्य रूपमा परेपछि आयोगले सचेत गराएको हो । प्रतिनिधिसभा सदस्यको निर्वाचन यही फागुन २१ गते हुँदैछ ।

नेपाल सरकार र सरकारका मन्त्री, प्रदेश सरकार र प्रदेश सरकारका मन्त्रीलाई पूर्णरूपमा आचारसंहिता लाग्छ । यस्तै, नेपाल सरकार वा प्रदेश सरकारका निकाय र सो निकायका पदाधिकारी, स्थानीय कार्यपालिका र सोका सदस्य, सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारी, सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र कर्मचारीलाई पूर्ण रूपमा आचारसंहिता लाग्ने आयोगले जनाएको छ ।

सञ्चार प्रतिष्ठान, सोका कर्मचारी तथा सञ्चारकर्मी, विद्यालय, महाविद्यालय वा विश्वविद्यालय, सोका शिक्षक तथा कर्मचारीसमेत आचारसंहिताको दायरामा छन् । राजनीतिक दल तथा राजनीतिक दलको भ्रातृ सङ्गठन, उम्मेदवार तथा उम्मेदवारको निर्वाचन प्रतिनिधि, मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधिलाई आचारसंहिता लाग्छ ।

निजी क्षेत्रका बैङ्क तथा वित्तीय संस्था, सहकारी संस्था, व्यापारिक तथा औद्योगिक क्षेत्र, सोका पदाधिकारी तथा कर्मचारी पूर्ण रूपमा आचारसंहिताको दायरामा छन् । यस्तै, वस्तु तथा सेवा प्रदायक व्यावसायिक संस्थाका पदाधिकारी, कर्मचारी तथा कामदार, निजी तथा गैरसरकारी संस्था, सोका पदाधिकारी तथा कर्मचारीलाई पूर्ण रूपमा आचारसंहिता लाग्ने आयोगको भनाइ छ ।

संवैधानिक निकाय, सो निकायका पदाधिकारी, सुरक्षा निकाय, सुरक्षाकर्मी, एवं कर्मचारी, सार्वजनिक पद धारण गरेका व्यक्ति अनुमगन समितिका पदाधिकारी तथा अनुगमनकर्तालाई निर्वाचन आचारसंहिता लाग्छ ।

यसैगरी मतदाता, पर्यवेक्षण संस्था तथा पर्यवेक्षक, आयोगले तोकेका अन्य निकाय वा व्यक्ति, विकास साझेदार संस्था, सरकारी तथा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना तथा परियोजनाका कर्मचारी, मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्था तथा सो संस्थाका कर्मचारीलाई पनि आचारसंहिता लाग्छ ।

स्थानीय कार्यपालिकाका पदाधिकारी निर्वाचन आचारसंहिताविपरीत प्रचारप्रसारमा सहभागी भएको पाइएपछि आयोगले आइतबार आचारसंहिता स्मरण गराएको थियो । सोमबार पुनःसरकारी वा निजी क्षेत्रमा पूर्ण रूपमा आचारसंहिता लाग्ने स्मरण गराएको हो । ***रासस***

# मानव अधिकार परिषद्मा प्राप्त सुझाव कार्यान्वयन गर्न माग

काठमाडौँ, १२ माघ । संयुक्त राष्ट्र सङ्घ मानवअधिकार परिषद्को विश्वव्यापी आवधिक समीक्षा (युपीआर) चौथो चक्रमा नेपालले बुझाएको प्रतिवेदनमाथि विभिन्न देशले दिएका सुझाव कार्यान्वयन गर्न सरोकारवालाले सरकारसँग माग गरेका छन् ।

मङ्गलबार महिला कानुन र विकास मञ्च (एफडब्ल्युएलडी) र 'सेन्टर फर रिप्रोडक्टिभ राइट्स' ले संयुक्त रूपमा आयोजना गरेको कार्यक्रममा युपीआरको आवधिक समीक्षामा नेपाललाई गर्भपतनमा निरपराधीकरण, प्रजनन स्वास्थ्य अधिकार, सम्मानजनक प्रसूति सेवा, बृहत् यौनिक शिक्षा र समग्र यौन तथा प्रजनन स्वास्थ्य र अधिकार सेवामा रहेर महत्त्वपूर्ण सुझाव प्राप्त भएको एफडब्ल्युएलडीकी अधिवक्ता रोशना प्रधानले जानकारी दिनुभयो ।

'संयुक्त राष्ट्र सङ्घ मानव अधिकार परिषद्को चौथो चक्रअन्तर्गतको नेपालको विश्वव्यापी आवधिक समीक्षा (युपीआर) मा प्रजनन स्वास्थ्यसम्बन्धी विषयवस्तुमा दिएको सुझावबारे सञ्चारकर्मीसँग छलफल कार्यक्रम' मा उहाँले यी महत्त्वपूर्ण सुझाव प्राप्त भएको र सरकारले कार्यान्वनयको पाटोमा जोड दिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा युपीआरमा नेपाललाई प्राप्त सुझावबारे एफडब्ल्युएलडीका अधिवक्ता दीपेश श्रेष्ठले सबै परिस्थितिमा गर्भपतनलाई अपराधमुक्त र वैधानिक बनाउन आइसल्यान्ड र फ्रान्सले सुझाव दिएको, सुरक्षित गर्भपतनको सेवामा पहुँच सुनिश्चित गर्ने आइसल्यान्डले सुझाव दिएको र महिला, किशोरकिशोरीहरूसहित लैङ्गिक अल्पसङ्ख्यक तथा सुरक्षित गर्भपतनमा पहुँचमा सुनिश्चित गर्न नर्वेले सुझाव दिएको जानकारी दिनुभयो ।

यसैगरी, स्कूल हाताभित्र र बाहिर बृहत् यौनिकता शिक्षामा विश्वव्यापी पहुँच सुनिश्चित गर्न, किशोरावस्थामा हुने गर्भावस्था र बालविवाह रोक्न बहुक्षेत्रीय समन्वयलाई बलियो बनाउन, भेदभावपूर्ण लिङ्ग पहिचान र लिङ्गका आधारमा हुने गर्भपतन विरुद्धको राष्ट्रिय रणनीति २०२१ प्रभावकारी कार्यान्वयन गर्न विभिन्न देशले आफ्नो सुझाव पेस गरेको उहाँले बताउनुभयो ।

छाउपडी प्रथा र विवाहमा हुने दाइजो प्रथालाई निषेध गर्न, कानुनको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न जागरूकता बढाउन, दण्डित गर्न र अपराधीहरूलाई अभियोजन गर्न विभिन्न देशले सिफारिस गरेका छन् ।

यसैगरी, १८ वर्षमुनिका किशोरकिशोरीहरूबिचको सहमतिमा भएको यौन सम्बन्धलाई अपराधमुक्त गर्ने र किशोरावस्थाको गर्भावस्था र बालविवाह रोक्न मेक्सिकोले सुझाव दिएको छ । सन् २०२५ मा नेपाल सरकारले संयुक्त राष्ट्र सङ्घ मानवअधिकार परिषद्को चौथो चक्रअन्तर्गत रहेर प्रतिवेदन बुझाएको थियो । उक्त प्रतिवेदनमा रहेर विभिन्न देशले सुझाव दिएका हुन् ।

एफडब्ल्युएलडीका अधिवक्ता नवीनकुमार श्रेष्ठले परिषद्को विश्वव्यापी आवधिक समीक्षाको चौथो चक्रअन्तर्गत नेपालको प्रतिवेदनमाथि दिएका यी सुझाव स्वीकार गर्नु र प्रभावकारी रूपमा कार्यान्वयन गर्नु नेपाल सरकारको संवैधानिक तथा अन्तर्राष्ट्रिय दायित्व भएको बताउनुभयो । ***रासस***

# खाद्यान्न र फलफूल बिक्री गर्ने फर्ममाथि विभागको अनुगमन

काठमाडौँ, १२ फागुन । निर्वाचनका समयमा बजारमा हुने गैरकानुनी क्रियाकलाप रोक्न र उपभोक्ताको अधिकारको संरक्षण गर्ने उद्देश्यका साथ वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले एकैदिन २६ वटा फर्ममा अनुगमन गरेको छ ।

विशेषगरी खाद्यान्न तथा फलफूल व्यवसाय गर्ने फर्ममाथि अनुगमन गर्दै विभागले कानुनको पूर्ण परिपालना गर्न आग्रह गरेको छ । निर्वाचनको बहानामा खाद्यपदार्थ लुकाउने, कालोबजारी गर्ने, तोकिएकोभन्दा बढी मूल्य लिनेजस्ता समस्या देखिएको भन्दै गुनासो आएपछि विभागले थप सक्रिय भएको छ ।

विभागले सोमबार एकैपटक कुलेश्वर क्षेत्रमा अनुमगन गरेको हो । अनुमगनका क्रममा कैफियत भेटिएपछि रमेश फ्रुट ट्रेडर्सलाई व्यवसायसँग सम्बन्धित कागजात लिई तीन दिनभित्र विभागमा उपस्थित हुन भनिएको छ । अन्य २५ वटा फर्मलाई भने सुधारात्मक निर्देशन दिइएको विभागले जनाएको छ । स्थानीय जनप्रतिनिधि, उपभोक्ता अधिकारकर्मी तथा सरोकारवालाको उपस्थितिमा विभागले अनुमगन गर्दै आएको छ । ***रासस***

# निर्वाचनको अवधिमा निष्पक्ष एवं उत्तरदायी बन्न काउन्सिलको आग्रह

काठमाडौँ, १२ फागुन । प्रेस काउन्सिल नेपालले निर्वाचनको अवधिमा पूर्णरूपमा निष्पक्ष एवं उत्तरदायी बन्न आग्रह गरेको छ । मुलुकभित्र रहेका आमसञ्चारमाध्यमको नियमित अनुगमन गरिरहेको काउन्सिलले विगतमा झैं प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ मा पनि पत्रकार आचारसंहितालगायत निर्वाचन आचारसंहिता पालना भए/नभएका विषयमा विशेष अनुगमन गरिरहेको स्मरण गराएको हो ।

काउन्सिलले पछिल्लो समय केही सञ्चारमाध्यमबाट निर्वाचन तथा मतदातालाई प्रभाव पार्ने किसिमबाट 'चुनावी विश्लेषण', 'विशेष रिपोर्ट', 'सर्वेक्षण' भनी मत सर्वेक्षणको शैलीमा राजनीतिक दल र उम्मेदवारको नाम किटान गरी मत प्रभावित हुने खालका सामग्री सम्प्रेषण भएकोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

यो उम्मेदवारले जित्नेछन्, 'यो उम्मेदवार त्योभन्दा धेरै अगाडि' 'नयाँतिर आकर्षित' 'यसको लहर छ, यसको छैन' 'डेन्जर जोनमा' भनी नागरिकको मनोभावनालाई असर पार्ने, आममतदाता दिग्भ्रमित हुने समाचार सामग्री प्रकाशित भएकामा काउन्सिलले ध्यानाकर्षण भएको उल्लेख गरेको छ । त्यस्ता सामग्रीले स्वच्छ र निष्पक्ष निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने र आचारसंहिता प्रतिकूल देखिएका सामग्रीलाई काउन्सिलले नोटिसमा राखेको स्पष्ट पारेको छ ।

प्रेस स्वतन्त्रताको नाममा प्रेषित सामग्रीले कसैलाई लाभ/हानि पुग्नसक्नेतर्फ सचेत गराउँदै काउन्सिलले तटस्थ र निष्पक्ष भूमिकामा रहनुपर्ने पत्रकारिताजस्तो महत्त्वपूर्ण पेसामा आबद्ध सञ्चारमाध्यम तथा पत्रकार यस महत्त्वपूर्ण ऐतिहासिक सन्दर्भमा थप मर्यादित, जिम्मेवार र उत्तरदायी हुनैपर्ने काउन्सिलका सहप्रवक्ता रामशरण बोहराले जानकारी दिनुभयो ।

निर्वाचन सफल बनाउन राज्यका विभिन्न निकायजस्तै सञ्चार जगतको पनि विशेष भूमिका हुनेहुँदा स्वस्थ, स्वच्छ, स्वतन्त्र, मर्यादित, निष्पक्ष र सन्तुलित रूपमा आचारसंहिताको परिधिभित्र रही सामग्री सम्प्रेषण गर्न काउन्सिलले आग्रह गरेको छ ।

आममतदाताको विवेक, स्वतन्त्रता र गोप्य मताधिकारको सम्मान गर्न र स्वच्छ एवं निष्पक्ष निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने कार्य र मत प्रभावित हुने खालका सामग्री सम्प्रेषण नगर्न/नगराउन ध्यानाकर्षण गराइएको छ । ***रासस***

# प्रविधि विस्तारबाट गहुँको उत्पादन बढाइने

लुम्बिनी, १२ फागुन । रूपन्देहीको सम्मरीमाई गाउँपालिकाका किसान अजयकुमार यादव परम्परागत तरिकाले गहुँखेती गर्दै आउनुभएको थियो । भारतीय सीमा क्षेत्रसँग नजिक भएकाले उहाँले भारतबाट गहुँको बीउ ल्याएर प्रयोग गर्दै आउनुभएको छ । आवश्यक प्राविधिक ज्ञानको अभावमा पर्याप्त उत्पादन लिन पनि सक्नुभएको थिएन । गहुँ उत्पादन राम्रो आम्दानी लिने सोचका साथ यादव राष्ट्रिय गहुँबाली अनुसन्धान कार्यक्रमले आयोजना गरेको उन्नत गहुँखेती प्रविधि तालिममा सहभागी हुनुभयो ।

तालिमका क्रममा उहाँले उन्नत जातको प्रमाणित बीउ छनोट गर्ने विधि, छर्ने तरिका, सन्तुलित मलखाद व्यवस्थापन, समयमै सिँचाइ, रोग तथा कीरा व्यवस्थापन र उत्पादन वृद्धि गर्ने आधुनिक अभ्यासबारे प्राविधिक ज्ञान हासिल गर्नुभयो । एकहप्ते तालिमबाट सिकेको सीपलाई व्यवहारमा उतार्नेमात्र होइन, गाउँका अन्य किसान दाजुभाइलाई समेत सिकाउने प्रतिबद्धता यादवले व्यक्त गर्नुभएको छ ।

रूपन्देहीमा आयोजना गरिएको तालिममा २४ जिल्लामा २५ जना किसानको सहभागिता थियो । तालिममा किसानबाहेक १५ जना सम्बन्धित विषयका विद्यार्थीहरू पनि तालिममा सहभागी थिए । एक हप्तासम्म किसानलाई सैद्धान्तिक र प्रयोगात्मक विधिबाट उन्नत गहुँखेती प्रविधि तालिम सिकाइएको थियो । तालिममा सहभागी अधिकांश किसानलाई नयाँ विकास गरिएका गहुँका जातबारेसमेत थाहा थिएन । अधिकांशलाई कुन जातको गहुँको बीउ छरेको भन्ने पनि थाहा नभएको अनुभव सुनाए ।

तालिममा उपयुक्त जात छनोट कसरी गर्ने, बीउ उपचार, समयमै रोपाइँ, लाइनमा छर्ने विधि सिकाइएको थियो । माटो परीक्षण गरेर सन्तुलित मलखाद कसरी प्रयोग गर्ने, सिँचाइ व्यवस्थापन, रोग र कीरा व्यवस्थापन, झार नियन्त्रण, कटानी र भण्डारणजस्ता कुरा किसानलाई सिकाइएको भैरहवा राष्ट्रिय गहुँबाली अनुसन्धान कार्यक्रमका संयोजक डा. रोशन बस्नेतले बताउनुभयो ।

नेपाल कृषि अनुसन्धान परिषद् बाली तथा बागवानी अनुसन्धान निर्देशक डा. टेकप्रसाद गोतामेलेका अनुसार राष्ट्रिय गहुँबाली अनुसन्धान कार्यक्रमले खाद्य सुरक्षासँगै पोषण सुरक्षालाई प्राथमिकतामा राख्दै पछिल्लो छ दशकमा ५४ वटा उन्नत गहुँका जात विकास गरेको छ । हाल थप चार जात सिफारिसको चरणमा रहेको र १३ वटा पुराना जात सिफारिस सूचीबाट हटाइएको छ ।

उहाँले अनुसन्धान कार्यक्रमले तराई क्षेत्रका लागि जिङ्क गहुँ-१, जिङ्क गहुँ-२ र बोर्लग-२०२० तथा पहाडी क्षेत्रका लागि खुमलशक्ति, भेरीगङ्गा र हिमगङ्गा जात विकास गरेको जानकारी दिनुभयो । यी जातमा जिङ्क र आइरनको मात्रा बढी पाइने तथा रोग, कीरा र जलवायु परिवर्तनको असर सहन सक्ने क्षमता उच्च रहेको दाबी गरिएको छ । नयाँ जातबाट प्रतिहेक्टर साढे पाँच टनसम्म उत्पादन लिन सकिने वैज्ञानिकहरूको दाबी छ । वैज्ञानिकहरूका अनुसार उन्नत जात प्रभावकारी रूपमा किसानसम्म पुऱ्याउन सके र मलखाद तथा सिँचाइको उचित व्यवस्थापन गर्न सके देश गहुँमा आत्मनिर्भरमात्र होइन, निर्यात गर्न अवस्थासम्म पुग्न सक्छ । ***रासस***

**सङ्क्षिप्त समाचार**

## पश्चिमी न्यूनचापीय रेखाको प्रभाव मङ्गलबार हल्का वर्षा

काठमाडौँ, १२ फागुन । जल तथा मौसम विज्ञान विभागअन्तर्गत मौसम पूर्वानुमान माहाशाखाले मङ्गलबार साँझसम्म उपत्यकालगायत, गण्डकी र कोशी प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम वर्षा भएको छ । यी स्थानमा बादल लाग्नुका साथै हल्का मेघगर्जन भएको महाशाखाले जनाएको छ ।

महाशाखाका मौसमविद् विभूती पोखरेलले माथिल्लो वायुमण्डलमा सक्रिय पश्चिमी न्यूनचापीय रेखाका कारण मङ्गलबार देशका विभिन्न भागमा हल्का वर्षा र हिमपातको सम्भावना रहेको बताउनुभएको छ । "मङ्गलबार साँझसम्म वर्षाको सम्भावना रहे पनि पश्चिमी न्यूनचापीय रेखा कमजोर हुँदै जाने भएकाले क्रमिक रूपमा सुधार हुने छ," उहाँले भन्नुभयो ।

पोखरेलका अनुसार कोसी प्रदेश, वाग्मती प्रदेश र गण्डकी प्रदेशका पहाडी तथा हिमाली भू–भागका थोरै स्थानमा हल्का वर्षा तथा हिमपात हुन सक्ने सम्भावना छ । साथै लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका पहाडी तथा हिमाली भू–भागका एक–दुई स्थानमा पनि हल्का वर्षा तथा हिमपात हुन सक्ने पूर्वानुमान गरिएको छ ।

तराईका केही क्षेत्रमा भने बिहीबार बिहानको समयसम्म नै हुस्सु र कुहिरो लाग्ने सम्भावना रहेको महाशाखाले जनाएको छ । यसले विशेषगरी सवारी आवागमन र हवाई उडानमा सामान्य असर पार्न सक्ने भएकाले सतर्कता अपनाउन आग्रह गरिएको छ । ***रासस***

## चार अमर प्राज्ञलाई 'नइ प्रज्ञा पुरस्कार'

काठमाडौँ, १२ फागुन । नइ एकेडेमीले चार जना अमर प्राज्ञलाई 'नइ प्रज्ञा पुरस्कार' समर्पण गर्ने निर्णय गरेको छ ।

अमर प्राज्ञहरू समालोचक प्रा.डा. वासुदेव त्रिपाठी, प्रा. शिवगोपाल रिसाल, प्राडा चुडामणि बन्धु र प्राडा दयाराम श्रेष्ठलाई जनही पचास पचास हजार रूपैयाँ राशिसहित 'नइ प्रज्ञा पुरस्कार' बाट विभूषित गरिने भएको हो ।

त्रिभुवन विश्वविद्यालयमा पठनपाठन, अनुसन्धान र सिर्जनाका माध्यमबाट नेपाली भाषा साहित्यको श्रीवृद्धिमा ऐतिहासिक एवम् कालजयी योगदानका लागि उहाँहरूलाई सो पुरस्कार समर्पण गर्न लागिएको हो ।

'नेपाल–भारत विश्वविद्यालय प्राध्यापक सम्मेलन' को उचाइ अभिवृद्धिमा समेत उहाँहरूको विशिष्ट भूमिका रहेको छ ।

समालोचक प्रा. त्रिपाठीको सर्वोच्च प्राज्ञिक नेतृत्वमा नइ एकेडेमीले २०८२ साल चैत २७, २८ र २९ गते 'नेपाल–भारत विश्वविद्यालय प्राध्यापक सम्मेलन' गर्ने भएको छ । सोही अवसरमा यी पुरस्कार समर्पण गरिने छन् ।

नइ एकेडेमीका कुलपति श्रीमती इन्दिरा प्रसाईको अध्यक्षतामा बसेको बैठकले उक्त निर्णय गरेको हो ।

## वसन्तपुरमा चिर ठड्याइयो : होली पर्व सुरु

काठमाडौँ, १२ फागुन । फाल्गुन शुक्ल अष्टमीका अवसरमा मङ्गलबार बिहान वसन्तपुरस्थित हनुमानढोका दरबारअघि फागुको चिर ठड्याइएपछि विधिवत् रूपमा फागु पर्व सुरु भएको छ ।

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले दिएको साइतअनुसार बिहान ७:१३ बजे चिरोत्थान गरिएको हो । निवृत्तभरण व्यवस्थापन कार्यालय, त्रिपुरेश्वरले मागेअनुसार मङ्गलबार बिहान ०७:१३ बजे पूर्वफर्केर चिर ठड्याउने साइत दिइएको समितिका कार्यकारी निर्देशक लक्ष्मण पन्थीले राससलाई जानकारी दिनुभयो । प्रत्येक वर्ष फाल्गुन शुक्ल अष्टमीका दिन बिहान वसन्तपुरमा चिर ठड्याएपछि उपत्यकामा फागु पर्व सुरु हुने परम्परा छ । फाल्गुन शुक्ल अष्टमीदेखि पूर्णिमासम्म फागु पर्व हर्षोल्लासका साथ मनाइन्छ ।

चिर ठड्याएसँगै वसन्तपुरमा रङ्गीबिरङ्गी रङ खेली मानिसले खुसी मनाएका थिए । फाल्गुन शुक्ल पूर्णिमाका दिन फागुन १८ गते सोमबार राति ५:३१ चिर ढाल्ने साइत समितिले दिएको छ । त्यसैदिन राति ५:५१ बजे चिर घिसारेर टुँडिखेल लगी जलाएपछि फागु पर्व सकिन्छ । यस वर्ष पहाडी जिल्लामा फागुन १८ गते सोमबार र तराईका जिल्लामा फागुन १९ गते मङ्गलबार फागु पर्व मनाइँदै छ । ***रासस***

## व्यवसायीलाई करको दायरामा ल्याउन घरदैलो अभियान सञ्चालन

देवदह (रूपन्देही), १२ फागुन । रूपन्देहीको सिद्धार्थनगर नगरपालिकाले हालसम्म पनि करको दायरामा नआएका व्यावसायिक प्रतिष्ठानलाई करको दायरामा ल्याउन घरदैलो अभियान सञ्चालन गर्ने भएको छ । प्रत्येक वडाका टोलटोलमा रहेका व्यावसायिक प्रतिष्ठान (पसलहरू)मा पुगेर राजस्वका बारेमा बुझाएर सबैलाई करको दायरामा ल्याउन अभियान सञ्चालन गर्न लागिएको नगर उपप्रमुख उमा अधिकारीले बताउनुभयो ।

सोमबार भैरहवास्थित नगर कार्यपालिकाको कार्यालयमा बसेको राजस्व परामर्श समिति, सिद्धार्थनगरको बैठकले राजस्व (कर) सम्बन्धी अभियान सञ्चालन गर्ने निर्णय गरेको उपप्रमुख अधिकारीले बताउनुभयो । उहाँले भन्नुभयो, "कर दर नभई दायरा बढाउने हो, यसका लागि घरदैलो अभियान सञ्चालन गर्ने निर्णय गरेका छौँ ।"

राजस्व परामर्श समितिको संयोजकसमेत रहनुभएकी अधिकारीले कर भन्नबित्तिकै धेरै हो कि भन्ने पनि बुझाइ पनि रहेको पाइएको बताउनुभयो । त्यसैले पनि करको बारेमा बुझाएर सबैलाई करको दायरामा ल्याउनु अभियानको उद्देश्य रहेको उहाँले जानकारी दिनुभयो । निर्वाचनपछि यो अभियान सञ्चालन गरिने नगरपालिकाको प्रशासकीय अधिकृत कमलकान्त खनालले जानकारी दिनुभयो ।



सुनसरी क्षेत्र नं.२ मा घरदैलो गर्दै नेमकिपाका उम्मेदवार गीता बजिकोलगायत पार्टी कार्यकर्ताहरू मङ्गलबार । *तस्बिर : मजदुर दैनिक*

# अभिभावकको चन्दाबाट शिक्षकलाई पारिश्रमिक

भजनी (कैलाली), १२ फागुन । यहाँको भजनी नगरपालिका–७ का सञ्जय लोनिया विगत तीन वर्षदेखि गाउँकै सामुदायिक विद्यालयमा अध्यापन गराउँदै आउनुभएको छ । वडामा रहेको श्री हलौना बाबा आधारभूत विद्यालयमा अध्यापन गराउँदै आउनुभएका लोनिया वार्षिक रु. २०–२५ हजार पारिश्रमिक पाउनुहुन्छ ।

अभिभावकहरूले स्व:स्फुर्त रूपमा दिएको चन्दाले लोनियाले वर्षभरि अध्यापन गराएबापतको रु. २०/२५ हजार पारिश्रमिक पाउनुहुन्छ । त्यो पारिश्रमिक पनि 'फिक्स' हुँदैन । अभिभावक, समाजसेवी तथा अन्य स्थानीयले स्वेच्छिक रूपमा जति सङ्कलन गरेर दियो, त्यसैमा लोनियाले चित्त बुझाउनुपर्ने हुन्छ । ग्रामीण क्षेत्र आर्थिक अवस्था निकै कमजोर भएका बालबालिका अध्ययन गर्दै आएको उक्त विद्यालय व्यवस्थापन समितिले अभिभावकबाट चन्दा सङ्कलन गरेर पारिश्रमिक दिने निर्णय गरेपछि उहाँले आफ्नो अध्ययनसँगै विद्यालयमा अङ्ग्रेजी विषयको शिक्षण गराउँदै आएको बताउनुभयो ।

उहाँ भन्नुहुन्छ, "विद्यालयमा विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक जनशक्ति कम छ । त्यसो हुँदा पठनपाठनमा समस्या भएपछि विद्यालय व्यवस्थापन समितिले चन्दा सङ्कलन गरेर पारिश्रमिक दिने गरी निर्णय गरेर मैले अध्यापन गराउन थालेको हुँ । न्यून पारिश्रमिक भए पनि गाउँको विद्यालय, आफ्नै बालबालिका अध्ययन गर्ने भएपछि मैले समितिको निर्णय स्वीकार गर्दै काम गरिरहेको छु ।" यसपछिका बालबालिका शिक्षाको अभावमा अहिले हाम्रा अभिभावकले भोगेको जीवनशैली व्यतित नगरुन् भन्ने अपेक्षाका साथ बालबालिकाको भविष्यलाई सोचेर पैसाका लागि मात्र शिक्षण नगरेको लोनिया बताउनुहुन्छ । कक्षा १२ सम्मको अध्ययन गर्नुभएका उहाँ त्यो गाउँको त्यहाँसम्म अध्ययन गर्नेमध्येका एक हुनुहुन्छ ।

थारु बाहुल्यता रहेको काँढा गाउँका अधिकांश नागरिक कृषि र ज्यालादारी गरेर जीविकोपार्जन गर्दै आएका छन् । त्यहाँ पढाइ गर्नुपर्छ भन्ने मानसिकता निकै कमको भएको लोनिया बताउनुहुन्छ । उहाँले भन्नुभयो, "यहाँ पढाइ गर्नुपर्छ भन्ने निकै कम छन् । सबैलाई जीविकोपार्जन कसरी गर्ने भन्ने चिन्ता मात्रै हुन्छ । त्यो देखेर पनि मैले बालबालिकालाई पढाइमा लगनशील बनाउन स्थानीयको आग्रहमा काम गरिरहेको छु ।" उहाँले अहिले अङ्ग्रेजी र स्वास्थ्य शारीरिक शिक्षाको अध्यापन गराउँदै आउनुभएको छ । दैनिक छ घन्टी अध्यापन गराउँदै आएका लोनिया आफ्नै गाउँघरका बालबालिकालाई अध्यापन गराउन पाउँदा निकै खुसी हुनुहुन्छ ।

विद्यालयमा हाल १७१ जना विद्यार्थी अध्ययन गरिरहेका छन् । पाँच कक्षासम्मको अध्ययन हुँदै आएको विद्यालयमा लोनियाबाहेकका छ जना शिक्षक कार्यरत छन् । त्यसमा पनि दुईजना बालविकास, दुईजना प्राथमिक तह स्थायी, एक जना राहत र एक जना नगर अनुदानका कार्यरत छन् । विद्यार्थी सङ्ख्याका आधारमा शिक्षक सङ्ख्या कम भएकै कारण स्थानीयले लोनियालाई चन्दा सङ्कलन गरेर शिक्षकको जिम्मेवारी दिइएको प्रधानाध्यापक महेश्वरी ओझा बताउनुहुन्छ ।

विद्यालयसँग आम्दानीको कुनै स्रोत छैन । तीन कट्ठामा सीमित रहेको विद्यालयसँग पाँच बिघाभन्दा बढी ऐलानी जग्गा छ । जुन ऐलानी जग्गा स्थानीयले अतिक्रमण गरेर वर्षौंदेखि भोगचलन गर्दै आएका छन् । विसं २०६३ मा स्थापना भएको विद्यालयका लागि त्यसबेला विद्यालयसँग जोडिएको पाँच बिघाभन्दा बढी जग्गा अतिक्रमण खाली गरेर विद्यालयको आम्दानीसँग जोड्ने निर्णय भएर हस्तान्तरणसमेत भएको थियो । पछि पुन: स्थानीयले जग्गा अतिक्रमण गरेर भोगचलन गर्न थालेपछि विद्यालय समस्यामा पर्दै गएको प्रधानाध्यापक ओझाको भनाइ छ ।

प्रधानाध्यापक ओझा भन्नुहुन्छ, "आज हामीसँग भएको सबै जग्गा भोगचलन गर्न पाएको भए विद्यायलको सामान्य खर्च अनि एक जना शिक्षक आन्तरिक स्रोतबाट व्यवस्थापन गर्न कुनै समस्या हुने थिएन । सञ्जय सर तीन वर्षदेखि अध्यापन गराउँदै आउनुभएको छ । वार्षिक रु. १५/२० हजार पारिश्रमिक लिएर दिनभर काम गरेको देख्दा आफैँलाई अप्ठ्यारो लाग्छ । उहाँको काम अनि इमान्दारिताका अगाडि नतमस्तक हुनुबाहेक केही छैन ।"

भजनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भोजराज भट्टले विद्यालयमा शिक्षकको व्यवस्थापन अस्तव्यस्त रहेको उल्लेख गर्नुभएको छ । उहाँ भन्नुहुन्छ, "केही दिन अगाडि मात्र विद्यालय अनुगमन गर्दा कतै विद्यार्थी अनुपातमा धेरै शिक्षक छन् भने कतै शिक्षकको अभाव छ । आउने शैक्षिकसत्रबाट त्यसलाई व्यवस्थापन गरेर लैजाने तयारी गरेका छौँ ।" उहाँले शिक्षक लोनियाको कार्य निकै उत्कृष्ट भएको उल्लेख गर्दै अध्ययन अनुमतिपत्र नभएका कारण तत्काल लोनियाको विषयमा नगरपालिकाले कुनै निर्णय लिनसक्ने स्थिति नरहेको स्पष्ट पार्नुभयो ।

अनुगमनका क्रममा कतिपय शिक्षक दुईपटकको हाजिर एकैपटक लगाएर बिहानै विद्यालयबाट घर जाने गएको भेटिएको बताउँदै शिक्षा अधिकृत पद्मबहादुर शाहले कैयौँ गल्ती कमजोरीलाई सुधार्ने काममा आफूहरू लागेको बताउनुभयो । ***रासस***

## गाउँमै पुर्ख्यौली कालिगड पेसा संरक्षणमा जुट्दै युवा

भोजपुर, १२ फागुन । आफ्नै ठाउँमा स्वरोजगार सृजना गर्दै पुर्ख्यौली पेसाको संरक्षणमा युवा पुस्ता सक्रिय हुन थालेका छन् । विदेशिने लहर बढिरहेका बेला भोजपुर नगरपालिका–५ बोखिमका ज्ञानेन्द्र विश्वकर्मा भने गाउँमै बसेर खुकुरी बनाउने कालिगड पेसामा जुट्नुभएको छ ।

बाबुबाजेले सिकाएको सीपलाई निरन्तरता दिँदै उहाँले यो पेसा अँगाल्नुभएको हो । स्नातक तहसम्म अध्ययन गर्नुभएका विश्वकर्माले राम्रो अवसरको खोजीमा विदेश जाने सोच बनाएका युवामध्ये आफू पनि एक रहेको तर पुर्ख्यौली पेसा सङ्कटमा पर्न थालेको देखेपछि यही क्षेत्रमा केही गर्ने अठोट गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "पुर्ख्यौली पेसाको संरक्षणसँगै स्वरोजगार बन्ने लक्ष्यले यो पेसामा जुटेको हुँ । अन्य काम गर्ने क्षमता भए पनि मैले यही पेसा अँगालेको छु ।"

उहाँले सिरूपाते, कोथीमोडा, बाँसपाते, बुदुना र तीनपाटा आकारका भोजपुरे खुकुरी निर्माण गर्नुका साथै मागअनुसार तरबार, कट्टीलगायत सामग्रीसमेत बनाउँदै आउनुभएको छ । परम्परागत शैलीमा हातैले निर्माण गरिने भोजपुरे खुकुरीको बजारमा छुट्टै पहिचान रहेको उहाँको भनाइ छ । गुणस्तरीय फलाम प्रयोग गरी मिहिनेतका साथ तयार गरिएका खुकुरी देशका विभिन्न जिल्लासम्म पुग्ने गरेका छन् भने केही सामग्री व्यक्तिगत मागमार्फत बाहिर जाने गरेका छन् ।

खुकुरी निर्माण प्रक्रियामा कडा परिश्रम र समय लाग्ने भए पनि त्यसमा गर्वको अनुभूति हुने उहाँ बताउनुहुन्छ । उहाँले भन्नुभयो, "यो केवल पेसामात्र होइन, हाम्रो पहिचान हो । पेसालाई संरक्षण गर्दै यहीबाट आम्दानी गर्ने अठोटका साथ काम गरिरहेको छु ।" उहाँका अनुसार नयाँ पुस्तामा सीप हस्तान्तरण गर्न सकेमात्र यो पेसा दिगो रूपमा जोगिन सक्छ । त्यसका लागि तालिम, प्रविधि र बजार व्यवस्थापनमा सहयोग आवश्यक रहेको उहाँको धारणा छ ।

गाउँमै सञ्चालन भइरहेको उद्योगबाट उत्पादित सामग्रीलाई सिधै बाह्य बजारसम्म पुऱ्याउने व्यवस्था भए आम्दानी अझ वृद्धि हुने उहाँ बताउनुहुन्छ । हाल कच्चा पदार्थको अभाव, मूल्यवृद्धि र बजार पहुँचको सीमितताले समस्या सृजना गरेको उहाँको गुनासो छ ।

कच्चा पदार्थको सहज उपलब्धता, आधुनिक उपकरण, सीप विकास तालिम तथा बजारीकरणमा राज्यको सहयोग भए कालिगड पेसा थप व्यवस्थित र आकर्षक बन्ने उहाँको विश्वास छ ।

## मोटरसाइकल दुर्घटनामा चालकको मृत्यु

वाग्मती, १२ फागुन । मदन भण्डारी लोकमार्गअन्तर्गत मकवानपुरको वाग्मती गाउँपालिका–८ तल्लो भवानीमा मोटरसाइकल दुर्घटना हुँदा चालकको मृत्यु भएको छ ।

फापरबारीबाट हात्तीसुडेतर्फ जाँदै गरेको प्र३–०२–००५प १००८ नम्बरको मोटरसाइकल सोमबार राति नालामा खस्दा मोटरसाइकलका चालक मकवानपुरको बकैया गाउँपालिका–८ बस्तीपुरका ४० वर्षीय प्रेमबहादुर गोलेको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक पुष्कर बोगटीले जानकारी दिनुभयो ।

दुर्घटनामा गम्भीर घाइते भएका गोलेको हेटौँडा अस्पतालमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । ***रासस***

**। सम्पादकीय ।**

# ढाँटेको कुरा काटे पनि मिल्दैन

मतदान गर्नु जनताको राजनीतिक अधिकार हो। जनताले प्राप्त मौलिक र राजनीतिक अधिकार उपयोग गर्नुपर्छ। प्रतिक्रियावादी, पुँजीवादी, शोषक, सामन्त र जालीफटाहाहरूलाई निर्वाचनमा सजिलैसँगै निर्वाचित गराउनु हुँदैन। तिनीहरूलाई जनताले पराजय गर्नुपर्छ। प्राप्त अधिकारको उपयोग गर्दै देश र जनताको निम्ति इमानदारीपूर्वक राजनीति गर्दै आएको दल र दलका उम्मेदवारलाई चयन गर्ने या जिताउने अवसर हो यो निर्वाचन। देशमा अहिले क्रान्तिको परिस्थिति छैन या क्रान्तिको परिस्थिति तयार भएको छैन। न त अहिले आर्थिक क्रान्तिको परिस्थिति नै बनेको छ। यस्तो बेला चुनावमा भाग नलिने, मतदान गर्न नजाने भन्ने कुरा समय सान्दर्भिक देखिँदैन। न्यायप्रेमी, श्रमजीवी जनताले मतदान नगर्दा श्रमजीवी जनताकै प्रतिनिधित्व गर्ने दलका उम्मेदवार हार्छन्। यसले घुमाइफिराइ शोषक, सामन्त, पुँजीपति, जालीफटाहा, प्रतिक्रियावादीहरूलाई नै सहयोग पुग्न जान्छ।

निर्वाचनमा हार-जीत स्वाभाविक छ। निर्वाचनमा हार्ने भयले निर्वाचन बिथोल्ने, निर्वाचनविरोधी गतिविधि गर्ने कसैको भावना या विचार समय सान्दर्भिक छैन। निर्वाचन शान्तिपूर्ण, निष्पक्ष र मर्यादित ढङ्गले गर्न र गराउनुपर्छ। कुनै पनि निर्वाचन क्षेत्रमा आफ्ना दल या दलका पक्षधर उम्मेदवारहरू छैनन् भने कम्युनिस्ट, वामपन्थी या प्रगतिशील पक्षधर दल र दलका समर्थकहरूले कम्युनिस्ट पार्टी स्थापना गरेर आमूल परिवर्तनको निम्ति राजनीति गर्दै आएका दल र दलका उम्मेदवारहरूलाई आफ्नो अमूल्य मत दिनुपर्छ। कुनै पनि जिल्ला या निर्वाचन क्षेत्रमा आफ्नो मतको कारण पुँजीपतिवर्गको प्रतिनिधित्व गर्ने दल जित्न सकिन्छ। यसले कम्युनिस्ट पक्षधर दल र दलका उम्मेदवारहरू पछि पर्नेछन्। अनि उही शोषक, सामन्त र पुँजीपतिवर्गले पाँच वर्षसम्म श्रमजीवी जनतामाथि रजाइँ गर्नेछ। यो अवसर हामीले दिनु हुँदैन।

कामको खोजीमा भारतका विभिन्न स्थान तथा अन्य देशमा गइरहेका नेपाली युवा-विद्यार्थीहरू मत हाल्नको निम्ति स्वदेश फर्किरहेको बेला हामीले देशका हरेक मतदातालाई मतदान गर्न उत्प्रेरित गर्नुपर्छ। सकेसम्म सबै मतदाताले मत खसाल्ने वातावरण तयार गर्नुपर्छ। हालेको मत कसैको खेर नजाओस्। विगतको निर्वाचनमा सय मतको फरकमा हारजित भएको दृष्टान्त छ। आफ्नो मताधिकार प्रयोग गर्न पछि हट्नु हुँदैन। हो, युवाहरूको स्वदेशमै रोजगारीको बन्दोबस्त सरकारले गर्नुपर्छ। अब आउने सरकारले यहीँ रोजगारीको अवसर सिर्जना गर्नुपर्छ। कामको खोजीमा विदेश जानुपर्ने बाध्यता आउन दिनु हुँदैन।

हिजो पटक-पटक सरकारमा गइसकेका दल र दलका नेता तथा उम्मेदवारहरू अहिले गरिबी उन्मूलन गर्न फलाना उम्मेदवारलाई जिताउन मतदान गर्न फुक्दै छन्। मानौँ, आफ्नो दलको उम्मेदवार जितेपछि तुरुन्तै गरिबी उन्मूलन हुन्छ। सरकारको नेतृत्व गर्ने दलका नेताहरूले हिजो गरिबी उन्मूलन किन गरेनन् ? सम्पदा संरक्षण गर्न फलानालाई जिताउनुपर्छ भनी उद्घोष गर्ने उम्मेदवारहरू पनि देखिए। ख्वप विश्वविद्यालय स्थापना गर्नुपर्छ भन्ने माग नेमकिपाको हो। ख्वप विश्वविद्यालय खोल्न भक्तपुर नगरपालिका लागिपरेको हो। सरकारले स्वीकृति नदिएको कारण हाल ख्वप विश्वविद्यालय सञ्चालनमा आएको छैन। यहाँका जनताको मत आफूतिर तान्न ख्वप विश्वविद्यालय सञ्चालनको लागि भनी आफ्नो उम्मेदवारलाई जिताउन आग्रह गर्ने अरु दलका नेता र उम्मेदवारहरू पनि देखिए। एक थरीका नेताले त 'एमालेको बजेट' स्थानीय तहले रोकेको जस्ता 'हावादारी' कुरा समेत मतदातामाझ राख्ने काम गरे। उनले देशको बजेटलाई 'एमालेको बजेट' भनी आफ्नै दलको सम्पत्ति जस्तो ठाने।

भक्तपुर सहरलाई जीवित सङ्ग्रहालय या सम्पदा संरक्षित सहर बनाउन भक्तपुर जनताका प्रतिनिधिहरू निरन्तर लागिरहेका छन्। यो यथार्थलाई छोप्ने प्रयास भक्तपुरमा उठेका केही उम्मेदवारहरूले गरे। जसरी भए पनि विरोध गरेर जनताको मत लिने उनीहरूको कुचाल रहेछ। ढाँटको कुरा फलाकेर, भ्रम फैलाउने कुनै पनि दल र दलका उम्मेदवारलाई जनताले चिन्नैपर्छ। भनिन्छ, ढाँटेको कुरा काटे पनि मिल्दैन। भूकम्पको कारण भत्केका घरहरू पुन: निर्माण गर्न नसक्नुमा सरकार नै दोषी हुन्छ; स्थानीय तह हुँदैन। पुनर्निर्माण गर्न नसकेका भूकम्पपीडितहरूलाई पुग्दो सहयोग सरकारले गर्नुपर्छ। नेमकिपाले त्यो माग अघि सारेकै हो। जनता सचेत हुनुपर्छ। कुन दलका कुन उम्मेदवार या नेताले बोलेको कुरा सही कि गलत पहिल्याउनुपर्छ। यसैले कुनै पनि मतदाताहरू कसैको लहैलहैमा लाग्नुहुँदैन। यो निर्वाचनमा सही राजनीति नगरी छल्ने, ढाँट्ने, विरोधको निम्ति विरोध गर्ने, भ्रम फैलाउने, झगडा गराउने दलका नेता र उम्मेदवारहरू पनि हुन्छन् भन्ने कुरा थाहा पाउनुपर्छ; उनीहरूलाई चिनेर निर्वाचनमा पराजय गर्नुपर्छ।

# जनता ठग्ने नयाँ कु/तर्कहरू

● सम्यक

निर्वाचनको सरगरमी बढ्दै छ। चुनावी प्रचारबाजी तीव्र बन्दै छ। गाउँघरमा भन्दा बढी मोबाइलमा पोखिएको छ चुनावी प्रचार। पुराना शासक दलहरू आफ्नो शाख जोगाउने ध्याउन्नमा छन्। कोही बीउ जोगाउने स्थितिमा पुगेका छन्। सरकार बनाउने मनसुबा बोकेको नयाँ दल ठुलै तामझाम र स्टारडमका साथ लागिपरेको छ। त्यसो त यो दल दुईपल्ट सत्तामा गइसकेको हुनाले यसलाई पनि शासक दलभन्दा फरक पर्दैन। शासकहरूले यसपालि पनि अनेक मीठा र लोभलाग्दा नारा बनाएका छन्। धेरै नारा उहिलेकै जनता झुक्याउने खालका छन्।

चुनावी झिलिमिलीबिच देश र जनताका वास्तविक एजेन्डा भने छायामा परेका छन्। देश र जनताले भोगिरहेका समस्या निर्वाचनपछि पनि उस्तै रहने अनेक सङ्केत पाइन्छ - शासकहरूका नारा, नीति र कार्यक्रममा।

**बदलिएको छैन काङ्ग्रेस !**

नेपाली काङ्ग्रेसका 'बागीहरू' ले देउवा समूहबाट नेतृत्व हत्याए, 'काङ्ग्रेस बदले'। अहिले देश बदल्ने नारा दिँदै छन्। 'बदल्यौँ काङ्ग्रेस, बदल्छौँ देश' - चुनावी माहोलमा काङ्ग्रेसले बनाएको नारा हो यो। के काङ्ग्रेस साँच्चै 'सुधारिएको' हो ? के काङ्ग्रेस साँच्चै 'बदलिएको' हो ?

नेपाली काङ्ग्रेस बदलिएको छैन। शेरबहादुर देउवाको नेतृत्वमा काङ्ग्रेसले 'महाकाली सम्झौता' देखि 'एमसीसी' जस्ता देशघाती सम्झौतालाई सदनबाट पारित गर्‍यो। एमसीसी पारित गर्दा अग्रमोर्चामा 'युवा नेता' गगन थापा थिए भने पश्चमोर्चामा 'अर्थविद्' स्वर्णीम वाग्ले थिए।

'सुधारिएको' नेपाली काङ्ग्रेसमा नफेरिएको अर्को पक्ष हुन् - गगन थापा आफै। 'अमेरिकाबाट ६० अर्ब, चीनबाट ७० अर्ब र भारतबाट ८० अर्ब' मागेर देश विकास गर्ने गगन थापाको 'मगन्ते नीति' फेरिएको छैन। यसरी मागेर देश बन्ने भए ल्याटिन अमेरिकाको हाइटी गगनको यो 'मगन्ते नीति' बाट उहिल्यै 'विकसित' हुने थियो। तर, आज पनि हाइटी विदेशीहरूसामु हात फैलाएर 'दे दे बाबा' भन्दै छ।

एमसीसी सम्झौताले नेपालको सार्वभौमिकता कुँज्याएको छ। यस्तो सम्झौतामा सही धस्काउँदै गर्दा गगन थापाले सदनबाट 'अमेरिकी सेना नेपाल आए आफूलाई चारपाटा मुडेर उपत्यका कटाउनु' भने। उनको यो 'प्रतिज्ञा' दिमाग भएको सद्दे नेपालीले बिर्सेका छैनन्। फागुन १५ गते एमसीसी सम्झौता पारित भयो। चैतमा अमेरिकी सेना नेपाल आए। हप्ता दिनअघि मात्र पनि अमेरिकी सेनाले देशको मुटुमा परेड खेलिसकेको अवस्था छ।

**जेलेन्स्की नयाँ - जेलेन्स्की पुराना**

'नेपाली कम्युनिस्ट पार्टी' (नेकपा) का नेता प्रचण्डले फेरि एकपल्ट आफ्नो थोत्रो रेडियो बजाएका छन्।

माओवादी सशस्त्र विद्रोह हाँकेका प्रचण्डले माओ त्सेतुङको 'रेडबुक' अवश्य पढेका होलान्। माओले राजनीतिलाई 'जनताको सेवा' भन्नुभयो। तर, प्रचण्ड कम्युनिस्टको 'घण्टी बजाउने' पक्षमा छैनन्। उनले कम्युनिस्ट राजनीतिलाई 'नयाँ' परिभाषा दिएका छन् - 'सम्भावनाको खेल'। यही खेलका 'माहिर' खेलाडी हुन् प्रचण्ड। त्यसैले, कहिले नेपाली काङ्ग्रेससँग घाँटी जोड्न जान्छन् त कहिले एमालेसँग टाउको जोड्छन्।

हालै उनले एक अन्तर्वार्तामा भने, '(नेपालमा) जेलेन्स्की जन्माउने कोसिस हुँदै छ'। मानौँ, प्रचण्ड जेलेन्स्की होइनन् !? प्रचण्डले २०५६ सालमै भारत र अमेरिकालाई 'प्राण रक्षा गरिदिनुपर्‍यो प्रभु' भनी पत्र पठाएका थिए। जेलेन्स्कीले पनि अमेरिका र युरोप पुगेर यस्तै याचना गर्दै आएका छन्। जसरी जेलेन्स्कीलाई अमेरिका र युरोपले हतियार र सैन्य तालिम दिँदै आएको छ। प्रचण्डको 'माओवादी' लाई विदेशी हतियार र तालिम प्राप्त भएकै थियो।

साम्राज्यवादीहरूले सित्तैमा केही दिँदैनन्। पछि जेलेन्स्कीको कठालो समातेर अमेरिकाले ५०० अर्ब डलरको खनिज माग्यो। जेलेन्स्कीले 'हुन्छ' भने। प्रचण्डको हाल पनि उस्तै रह्यो। प्रचण्डको पार्टीले ०६३ सालमा भारतलाई माथिल्लो कर्णाली जलविद्युत् आयोजना दियो। जुन नदीबाट ४१८० मेगावाट बिजुली निस्किन सक्छ। त्यहाँबाट ९०० मेगावाट बिजुली निकाल्छु भनेर भारतले माथिल्लो कर्णालीलाई खल्तीमा राख्यो।

प्रचण्डको पार्टीले नेपाल-भारत गर्ने विमानमा भारतीय सेना राख्ने, नेपाली सेनाको सङ्ख्या घटाउने प्रस्ताव ल्यायो। भारतीय लगानीमा भएका परियोजनामा भारतीय सेना राख्ने प्रावधान भएको बिप्पा सम्झौता प्रचण्डकै पार्टीले गर्‍यो। अमेरिकाको चाकडीमा प्रचण्डले देशघाती 'एमसीसी' र 'एसपीपी' सम्झौताको पक्ष लिए। यसरी प्रचण्डले भारत र अमेरिका दुवैको खातिरदारी राम्रै गरे।

**नयाँ होइन 'नयाँ पार्टी'**

आज बजारमा नयाँ दलको हाइहाइ छ। डिजिटल दुनियाँको बलमा यो 'हाइहाइ' लाई चर्काइएको छ। हिजो यस्तै 'हाइहाइ' हिटलर र मुसोलिनीका रङ्गशालाहरूमा हुने गर्थे। हिटलरका 'फ्यानहरू' उनको कत्ति पनि विरोध सुन्न तयार थिएनन्। उनीहरूलाई पूर्णत: भेडा बनाइएको थियो।

देशघाती 'एमसीसी' सम्झौताको पक्षमा उभिएको पार्टी हो - 'रास्वपा'।

नेपाललाई डरधम्की देखाएर अमेरिकाले एमसीसी सम्झौता पारित गराउन खोज्दा नेपाली फिल्मका 'महानायक' राजेश हमालले समेत विरोध गरेका थिए। तर, 'जेन-जी नायक' बालेन चुँ बोलेनन्। किन ?

एमसीसी सम्झौता पारित गर्न ठुलै माथापच्चिसी गरेका थिए गगन-स्वर्णीमले। यिनीहरूबिच अहिले पनि 'तँ ठुलो कि म' भन्ने बाहेक अर्को झगडा छैन। देशघाती एमसीसी सम्झौता गर्दा दुवै जना शेरबहादुरका 'योग्य' भाइ ठहरिएका थिए। नेपाली युवाहरूको छाती कुल्चेर शेरबहादुर-गगन-स्वर्णीमले अमेरिकाको राम्रै खातिरदारी गरेका थिए।

रास्वपा नयाँ पार्टी होइन। यसले 'बजाइरहेको घण्टी' पुरानो हो। एमाले-माओवादीको बैसाखी टेकेर यो पार्टी दुईपल्ट सत्तामा गयो। रविले दुईपल्ट गृहमन्त्री पड्काए। तर, उनले 'निर्मला पन्त' लाई न्याय दिन सिन्को भाँचेनन्। भारतीय नागरिकहरूलाई वंशजको नागरिकता दिने सन्दर्भमा उनको पार्टी चुँ बोलेन। उल्टो रास्वपाले नेपाली नागरिकता लत्याएर विदेश भासिने 'गैरआवासीय नेपाली' लाई 'दोहोरो नागरिकता' दिने 'वाचा' गरेको छ।

विदेशमा दु:ख पाएका युवाहरूलाई 'उद्दार' गर्ने रविको पार्टीले 'दलित र सीमान्तकृत' युवालाई विदेश जान 'सहुलियत ऋण' दिने 'आश्वासन' बाँडेको छ। माधवकुमार नेपालले 'बिना द्यौवा के' भने; रास्वपाले 'ऋण द्यौवा' को कुरा गर्‍यो। फरक के भयो ?

यतिमात्र होइन, रास्वपाकै कतिपय नेताले यसको पोल खोलेका छन्। रास्वपा 'रविको सहकारी ठगी काण्ड' मै रुमल्लिएको भन्दै सुमना श्रेष्ठले पार्टी छोडिन्। 'भारतको विरोध गर्नेहरूलाई' स्वर्णीमले 'उग्रराष्ट्रवादी' भने। 'भारतीय दूतावासमा नेपाल भारतलाई बुझाउनुपर्ने' कुरा गरेको उनकै एक नेताले भने। अमेरिका जाँदा 'क्रिस्चियन बन्ने' स्वर्णीमको निधारमा प्राय: रातो अबीर देखिन्छ। यसले उनलाई एक ढोंगी हिन्दू जोगीभन्दा उति फरक बनाउँदैन। हालै एक अन्तर्वार्तामा उनले आफू 'एमसीसी' को पक्षधर नभएको भन्दै दिउँसै रात पार्ने गरी झूट बोले।

**तराईको छौँडो - पहाडका छौँडा**

भदौरे भेलले एमालेलाई गद्दीच्युत गर्‍यो। 'चप्पल लगाएर' काठमाडौँ पसेका केपी ओलीको 'राजसी' ढिट अझै गएको छैन। भदौ २३ गते गोली चलाउन आदेश दिएका ओली 'आफूले गल्ती गर्दै नगरेको' ढिपीबाट टसकोमस भएका छैनन्। 'एप्सटिन फाइल' बाहिर आएपछि निर्लज्ज पाराले कुर्सीमा डसमस्स बसिरहेका डोनाल्ड ट्रम्पजस्तै।

ओली मात्र होइनन्, उनका 'दायाँ हात' को तुजुक पनि उस्तै छ। महेश बस्नेतले नयाँ पार्टीका 'पोस्टर बोय' बालेनलाई 'तराइको छौँडो' भने। 'एमाले' को 'मार्क्सवादी-लेनिनवादी' प्रशिक्षणले पनि बस्नेत 'काजी' को बाहुनवादी पहाडिया अहङ्कार धुन सकेन। यसमा एमालेका 'पार्टी स्कूल' का 'दिग्गजहरू' को दोष हो वा 'काजी साब' को सफलता ? यो लेखक अलमलमा छ !

अरूलाई 'तराईको छौँडो' भन्ने एमालेका 'पहाडिया छौँडा' ले यो देशमा के लछारे त ? देशको सीमा नदी नै भारतलाई बुझाउने महाकाली सन्धिदेखि देशघाती 'एमसीसी' सम्झौतासम्म एमाले नेपाली काङ्ग्रेसकै छाया बन्यो। ओलीकै पालामा नेपालमा पहिले कहिल्यै नसुनिएका ठुलठुला भ्रष्टाचारका काण्ड भए। ओम्नी, गोकर्ण, वाइडबडीजस्ता भ्रष्टाचारमा धेरै 'पहाडिया छौँडा' को नाम आयो। 'समृद्ध नेपाल' को नाउँमा भ्यु-टावरे विकासको अनुत्पादक सूत्र एमाले नै ल्यायो। जनजीवन झन्झन् रसातलमा पुग्यो। यसपालि पनि एमालेको घोषणापत्रमा 'समृद्ध नेपाल, सुखी नेपाली' पुरानै 'ललिपप' छ।

एमालेले महाकाली सन्धिमा सही गर्‍यो; भारतको खातिरदारी गर्‍यो। 'एमसीसी' मा सही धस्काएर अमेरिकालाई पनि खुसी पार्‍यो। कम्युनिस्ट सिद्धान्त बेचेर र काङ्ग्रेसको छाया बनेर एमालेले NGO/INGO को फल पायो; बेसरी मोटायो। त्यसैको दम्भमा आज ओलीले चुनावमा एक नम्बर पार्टी बन्ने 'ध्वाँस' दिँदै छन्।

एमसीसीको 'औँलो खान दिएर' शेरबहादुर-ओली-प्रचण्ड अमेरिकाबाट पिण्ड छुटाउन कस्सिएका थिए। तर, हिसाब उनीहरूले सोचेभन्दा अप्ठेरो निस्कियो। भदौ २४ गतेको विध्वंस मच्चाउने 'अदृश्य शक्तिहरू' लाई नेपाली सिंहासनमा नयाँ 'छौँडा' चाहिएको छ ! अब एमसीसीभन्दा पनि खतरनाक एसपीपी, खम्पा-२ र हिन्द प्रशान्त रणनीतिमा सही छाप चाहिएको छ तिनलाई !

**नयाँ होस् वा पुरानो...**

हालै नेपालमा ४०-५० वर्षलाई पुग्ने पेट्रोलियम खानी भेटियो। अथाह जलस्रोत हुँदाहुँदै पनि नेपालीहरूले महँगो भाउमा पानी र बिजुली किन्नुपर्ने अवस्था छ। नेपालमा चुनढुङ्गाको अपार भण्डार छ। तैपनि, नेपालीहरू किन अभावमा पिरोलिँदै छन् ? यसका दुई कारण छन् - नेपाली प्रकृतिमाथि विदेशी पुँजीपतिहरूको गिद्देदृष्टि र निजीकरण।

हामीसँग भएका नदीनाला, ढुङ्गागिट्टी, बिजुली विभिन्न असमान सन्धिमार्फत विदेशीले लुटे र लुट्दै छन्। हामीसँग भएका उद्योगहरूमध्ये ३० भन्दा बढी उद्योग निजीकरण गरेर देशविदेशका पुँजीपतिले नाफा हसुर्दै छन्। आज युवाहरू बिदेसिनु पर्नाको खास कारण यिनै उद्योगधन्दा नहुनाले हो। ती उद्योग हुन्थे भने देशले आर्थिक रूपमा विदेशीको मुख ताक्नुपर्दैनथ्यो।

२०४६ सालपछि नेपालका हरेक निर्वाचन 'उदार अर्थनीति' बाट 'उदार अर्थनीति' सम्मको यात्रा बनिरहे। रास्वपाको 'वाचापत्र' यस अर्थमा पनि आफ्नो 'वैचारिक माउ पार्टी' नेपाली काङ्ग्रेसको भन्दा फरक छैन। उसको 'वाचापत्र' र 'करारपत्र' मा 'उदार अर्थनीति' शब्द नछुटाइकन लेखिएको छ। 'अज्ञानी जनता' ले बुझ्ने हुन् वा होइनन्, चुनावी परिणामले बताउनेछ।

निजीकरणका पक्षधर स्वर्णीम वाग्लेले एकपल्ट एमालेमार्के 'कम्युनिस्ट' हरूलाई कटाक्ष गर्दै भनेका थिए - 'दैनिक रूपमा भन्सारमा अरबौँ रूपैँया जम्मा हुन्छ, कम्युनिस्टहरूले सरकारी उद्योग खोले भइहाल्यो त !' यसको अर्थ रास्वपा सरकारी उद्योग खोल्ने सोचमा छैन। बरु यसले नेपाली काङ्ग्रेस, एमाले र माओवादीको बिँडो थाम्दै निजीकरण वा निजी क्षेत्रलाई बढावा दिनेछ।

अर्कोतर्फ जेन-जी आन्दोलनपछि नेपालमा फ्रि-तिब्बतीहरूको सक्रियता बढेको छ। यसको अर्थ अमेरिकाको चलखेल बढेको छ। काठमाडौँमा अमेरिकी सेनाको परेडले यही बताउँछ। तर, यसबिच नेपालका मूलधारे मिडिया पनि मौन छन्। मिडियाले अमेरिकी चलखेल ढाकछोप गर्न बढी पसिना बगाएको देखियो। 'बेलायत र भारतका सेना पनि परेड खेल्छन्' भनेर जनताको आँखामा छारो हालेको देखियो। भारत होस् वा बेलायत, देशभक्त नेपाली जनतालाई त्यो पनि असह्य छ।

अमेरिकी संस्था NED को उपसंस्था IRI ले 'नेपालमा हिन्द-प्रशान्त रणनीति अनुकूल सरकार गठन गर्ने' र 'नेपालसँग जोडिएको अमेरिकी स्वार्थको समस्या सुल्झाउने' घोषित लक्ष्य कोरोना महामारीपछि नै तयार गरेको खुलासा भएको छ। रुसलाई सताउन युक्रेन बनाए जस्तै चीनलाई घेर्ने गरी नेपाललाई 'नयाँ युक्रेन' बनाउन अमेरिका कस्सिएको छ। यही सिलसिलामा आएका थिए - एमसीसी र एसपीपी।

त्यसैले यो निर्वाचनमा नेपाल देश र नेपालीको मूल नारा यस्तो हुनुपर्छ :

*नयाँ होस् वा पुरानो होस्*
*'एमसीसी' को मतियार नहोस्*
*नयाँ होस् वा पुरानो होस्,*
*'उदार अर्थनीति' को मतियार नहोस्।*


# मार्चको विद्रोह

● अन्ना लुइस स्ट्रङ

*(पश्चिमी सञ्चारमाध्यमहरूमा तिब्बतसम्बन्धी विषयलाई निकै गलत ढङ्गले प्रचार हुँदै आएको छ । 'चीनले स्वतन्त्र तिब्बतमाथि कब्जा जमाएको', 'चिनियाँ जनमुक्ति सेनाले तिब्बतीहरूमाथि दुर्व्यवहार गरेको', 'तिब्बती जनताका नेता दलाइ लामालाई पदच्युत गरेको' जस्ता समाचार उनीहरू प्रचार गर्छन् । के साँच्चै 'स्वतन्त्र' तिब्बतमाथि चीनले कब्जा जमाएको हो ? तिब्बती स्वर्गलाई जनमुक्ति सेनाले नर्क बनाएको हो ? जनताको शासनविरुद्ध असफल विद्रोह गरेर दलाइ लामा भागेका हुन् कि उनलाई पदच्युत गरिएको हो ? आदि प्रश्नका विस्तृत उत्तर प्रसिद्ध अमेरिकी महिला पत्रकार अन्ना लुइस स्ट्रङको पुस्तक 'When Serfs Stood Up in Tibet' मा पाउन सकिन्छ । यो पुस्तक सन् १९६० मा प्रकाशित भएको हो ।)*

कासागप्रतिको यस सामान्य सम्मानलाई तिब्बती उच्च वर्गले पेचिङको कमजोरीको रूपमा लिए । १९५९ फेब्रुअरीमा तिब्बतको महान् चाड मोन्लाम (Monlam) र तिब्बती नयाँ वर्ष सुरु भएको अवसर पारेर षड्यन्त्र अझ चुलीमा पुग्यो । कासागका सदस्यहरूले केन्द्रीय सरकारको प्रान्तीय व्यापारिक कार्यालयमा अधिकार दिनुपर्ने माग गरे । त्यसलाई अस्वीकार गरिए पछि तिब्बती सेनाले कम्युनिस्ट पार्टीको प्रधान कार्यालयतर्फ मेसिनगन तेर्स्यायो । यो काम विद्रोहको सुरुवातको रूपमा गरिएको थियो ।

मार्च १० को दिन बिहानपख दलाइ लामा जनमुक्ति सेनाको सैनिक मुख्यालयमा सैनिक प्रदर्शन हेर्न आउने कार्यक्रम थियो । तस्बीर खिच्नेहरू, टेप रेकर्ड गर्नेहरू र मुख्य-मुख्य आयोजकहरू सम्माननीय पाहुनाहरूको निम्ति पर्खिरहेका थिए र दलाइ लामालाई धूलो नउडोस् भनी सडकमा पानी छर्किएको थियो । उनी



**विद्रोहीहरू आत्मसमर्पण गर्दै**

कार्यक्रममा आएनन् । रेडियोको एक प्राविधिक अत्तालिदै आएर 'उनलाई प्रतिक्रियावादीहरूले रत्न बगैँचा (Jewel Park) को ग्रीष्म दरबारमा घेरेको' बतायो । तिनीहरूले प्रगतिशीलहरूको हत्या गरेको र जनतामा हाहाकार फैलिएर ओत लाग्ने ठाउँ खोज्दै गरेको बतायो । हतियारधारी घोडचढी तिब्बतीहरूको एक समूहले एक प्रगतिशील तिब्बती खान्दानीको रक्ताम्य शव सडकमा फालेर जनतामाझ त्रास फैलाए ।

रत्न बगैँचामा १० मार्चमा विद्रोही प्रतिनिधिहरूको बैठकले चीनबाट तिब्बत मुक्तिको घोषणा गर्यो र भारतको कालिम्पोङलाई समाचार सम्प्रेषण गरिदिन अनुरोध गरी तार पठायो । १० दिनसम्म तिनीहरूले ल्हासामा आतङ्क मच्चाए, १५ मार्चमा तिनीहरूले जोखाङ नजिकका मठका सबै भिक्षुणीहरूलाई बलात्कार गरेको खबर जनमुक्ति सेनालाई पुग्यो । त्यस खबरलाई जनमुक्ति सेनाले कासागमा पठायो ।

जनमुक्ति सेना स्वयं पनि पर्खालको ढोका लगाएर भित्र बसेर पेचिङको आदेश कुरिरहेको थियो । पहिलो रक्षाका लागि तिनीहरूसित पर्याप्त हतियार र तालिम उपलब्ध थियो तर तिनीहरू प्रतिकारमा उत्रेनन् ।


१६ मार्चको दिन एक फोटो पत्रकारले कारमा बसेर विद्रोहीहरूको प्रदर्शन र तिनीहरूले खनेको किल्लाबन्दीको फोटो खिचे । उनीहरूले विद्रोहीहरूले जनमुक्ति सेनालाई सहयोग गरेकोले आँखा फोरिदिएको र नाक काटिदिएको व्यक्तिको फोटो पनि खिचे ।

त्यसबेला सैनिक मुख्यालयका अध्यक्ष तान कुआन सान (Tan Kuan–San) ले दलाइ लामालाई तीनवटा पत्र पठाए र दलाइ लामाले तीनवटै पत्रको जवाफ पठाए । पहिलो पत्र बोकेका दलाइ लामाका 'जाहेरीवाला' (Reader) जीवित बुद्ध जाल्टसोलिन (Jaltsolin) ले पत्र लामाकहाँ दिएलगत्तै विद्रोहीद्वारा पक्राउ परे । बाँकी चिठीहरू एपेई (Apei) ले विभिन्न लामाहरूलाई दलाइ लामाको उपस्थितिमा दिए । पछि तिनीहरूले दलाइ लामा भारतमा बसेको थाहा पाए ।

ती चिठीहरूले दलाइ लामालाई उनको इच्छाबेगर विद्रोहीहरूले बन्दी बनाएको दाबी गरेको थियो ।

१८ मार्चका दिन दलाइ लामाले ल्हासा छोडेको कुरा बाहिर आयो । 'उनलाई विद्रोहीहरूले हिजो राति अपहरण गरेको' हल्ला चल्यो । उनले ल्हासा छोड्नुको वास्तविक स्थिति अहिले पनि रहस्यमय नै छ । तर उनी धेरै दिनसम्म लोकामा विद्रोहीहरूसँगै रहेका थिए । ल्हासामा विद्रोहीहरू हारेपछि विद्रोहीहरूसँगै उनी भारत गएको थाहा भयो । उनलाई विद्रोहीका नेताका रूपमा भारतमा नेहरूले स्वागत गरे ।

त्यसपछिका महिनामा भारतबाट दलाइ लामाको नामबाट उनका प्रतिक्रियावादी भूदास मालिकहरूका दलबल अथवा वासिङटन र ताइवानसँग सम्बन्ध भएका उनका दाजु वा उनी स्वयम्‌को उपस्थितिमा विभिन्न चीनविरोधी वक्तव्यहरू निस्किए । यीमध्ये जून ३० को दिन दलाइ लामाको उपस्थितिमा पत्रकार सम्मेलन गरेर अङ्ग्रेजीमा निकालिएको वक्तव्य अझ बढी कडा थियो । त्यसमा १९५९ को सम्झौतादेखि आजसम्म पेचिङले तिब्बतप्रति गर्दै आएको कार्यको भर्त्सना, तिब्बतको मुक्ति र 'विशाल तिब्बत' (Greater Tibet) को माग र पेचिङसँग प्रत्यक्ष सम्पर्क नगर्ने, पेचिङको कुरामा विश्वास नभएकोले ऊसित



***नयाँ योजना सुन्न २० हजार जनता ल्हासामा भेला भए, सन् १९५९ अप्रिल १५***

व्यवहार गर्दा तेस्रो शक्ति, मानौ भारतको माध्यमबाट मात्र गर्ने उल्लेख गरिएको थियो । त्यो यति विडम्बनापूर्ण थियो कि पश्चिमी टिप्पणीकारहरूले दलाइ लामाले तिब्बतमा फर्कने सम्भावनालाई 'ढोका बन्द गरेको' प्रतिक्रिया दिए ।

पेचिङले ती आरोपहरूलाई र दलाइ लामाले बितेका ८ वर्षहरूमा चिनियाँ नीतिको प्रशंसा गरेका वक्तव्यहरूलाई एक एक गरी प्रकाशित गर भन्नेमात्र प्रतिक्रिया जनायो । पेकिङले उनी फर्कन चाहन्छन् भने उनको पद र दरबारहरू उनकै लागि राखिछाडेको प्रस्ट गर्यो । अझ पेचिङले तिब्बतको स्थानीय सरकारको उनको समारोही पदको हक र चिनियाँ केन्द्रिय सरकारको स्थानीय समितिको उनको उपाध्यक्ष पदलाइ खारेज गरेन । त्यसपछि डिसेम्बर १९६४ मा प्रधानमन्त्री चाउ एन-लाईले राष्ट्रिय प्रतिनिधिसभा (National People Congress of China) मा १९५९ मा सशस्त्र विद्रोह गरी 'दलाइ लामा गुट' ले पछि भारत गई गरेका कामहरूले दलाइ लामा एक विश्वासघाती सावित भएको र राज्यपरिषद् वा मन्त्रिपरिषद्ले तिब्बत स्वायत्त क्षेत्रको अध्यक्षको पद र तयारी समितिको सदस्यबाट हटाउने निर्णय गरेको बताए । तिब्बतमा उनको प्रतिष्ठा छिट्टै नै घट्दै गयो ।

आश्चर्यको कुरो के थियो भने मार्च १० देखि २० सम्म दलाइ लामाको नेतृत्वको विद्रोहीहरूले ल्हासामा आतंक, लुटपाट, बलात्कार र मानव संहार गरिरहँदा पनि जनमुक्ति सेना चुप लागेर आफ्नो कार्यालयमा बसिरहेको थियो । धेरैपल्ट जनमुक्ति सेनाका मान्छेलाई सो प्रश्न मैले दोहोर्‍याएपछि उनले बताए, "अझै पनि कासाग कानुनी सरकार थियो र ल्हासाका जनता यसबाट अलग्ग भएका थिएनन् । यस्तो स्थितिमा हाम्रो रणनीति सधैँ लडाइँको सुरुवात वा विकास गर्नु नभई शत्रुबाट सुरुवात गराउनु र तिनीहरूद्वारा युद्धलाई निरन्तरता दिलाउनु र जनतालाई वास्तविक आक्रमणकारी र विनाशकारी को हुन् चिन्न लगाउनु हो । पछि हामीले प्रत्याक्रमण गर्दा जनता हाम्रो साथमा हुनेछन्, तिनीहरू हार्नेछन् । ती १० दिनमा विद्रोहीहरूले ल्हासाका जनतालाई गुमाए ।"

२० मार्च बिहान ३:४० बजेदेखि विद्रोहीहरूले ल्हासाको सबभन्दा उचो ठाउँ पोताला दरबारबाट पूरा सहरभरि राइफल, तोप र बारुद पड्काए । रत्न बगैँचा र पोताला दरबारबाट आगोको मुस्लो निस्कियो । सहरभरि राइफलको आवाज र तोप पड्केको मात्र सुनिन्थ्यो । पछि जनमुक्ति सेनाले प्रतिहमला गर्दै फलामे पहाडको टुप्पोमा पोताला दरबारको तोपखाना कब्जामा लिए । थोरै विद्रोहीहरू मारिए र समातिए, धेरैजसो भाग्न सफल भए । जनमुक्ति सेना ल्हासा विद्रोहीहरूलाई ४७ घण्टाभित्र नियन्त्रणमा लिन सफल भयो । जनमुक्ति सेनाले विद्रोहीबाट कब्जामा लिएका हातहतियार बेलायत, अमेरिका, फ्रान्स र जारको पालाका रुसी पुरानो सेनाको हतियारसमेत थिए ।

मार्च २८ सम्म पनि कासाग (Kashag) तिब्बतको कानुनी स्थानीय सरकार थियो । तथापि यसका ६ जनामा ४ जना सदस्यहरूले विद्रोहको नेतृत्व गरेका थिए र ३ जनाले दलाइ लामालाई ल्हासाबाट लगेका थिए । कासागका ३ जना सदस्यका साथमा दलाइ लामा तिब्बत नफर्की भारतमै बस्ने भएपछि मार्च २८ को दिन पेचिङ राज्यपरिषद्ले तिब्बतको स्थानीय सरकार खारेज गर्यो र तिब्बत स्वायत्त प्रदेशको तयारी समितिले यसको अधिकार खारेज गरेको कुरा २ दिनअघि भारतमा सूचित गर्यो । १९५६ मा गठित त्यस समितिको तर्फबाट कुनै रोकावटबिना सरकार चल्यो ।

तदर्थ समितिमा दलाइ लामा अध्यक्ष, अनुपस्थितिमा पनि तिब्बतको स्थापनाको प्रमुख पदमै रहे । उपाध्यक्ष पन्चेन एर्डेनी बने र 'दलाइ लामा ल्हासा नफर्कुन्जेल' का लागि उनले कार्यकारी अध्यक्षको पद सम्हाले । अप्रिल ८ को दिन कार्यकारी अध्यक्ष पद सम्हालेपछि भोलिपल्ट उनी चिनियाँ राष्ट्रियसभामा तिब्बती प्रतिनिधित्व गर्न लानचाउ (Lanchau) हुँदै पेचिङ उडे ।

चिनियाँ सरकारको विरुद्ध मात्र होइन पञ्चेन एर्डेनीको नेतृत्वमा बनेको तिब्बतको नयाँ सरकारको विरुद्धमा विद्रोह हुन नदिन अब जनमुक्ति सेना ल्हासाबाट हिँड्यो । जनमुक्ति सेना जहाँ जहाँ पुग्यो, तिनीहरूले मठहरू र खान्दानीहरूको घरहरूबाट ठुलो कोर्रा र यातना दिने औजारहरू जफत गरे, तिनीहरूलाई प्रान्तीय सरकारको सेना नियन्त्रणमा राखे तथा विद्रोहीहरूको सबै जग्गा जमिनमा त्यो वर्ष ज-जसले बाली लगाएका थिए, तिनीहरूले नै बाली पाउने पनि घोषणा गरे । विद्रोहीहरूले लुटेको अन्नका बीउहरू किसानहरूलाई बाँडे ।

अप्रिल ७ र ८ को दिन जनमुक्ति सेना ल्हासाको दक्षिणी नदी स्याङ्पो (Tsangpo) पार गरेर लोकामा पुगे । विद्रोहीहरूको आधार शिविर रहेको लोकालाई विद्रोहीहरूले तिब्बतभरि लामो गुरिल्ला युद्ध लड्नका निम्ति 'नयाँ राजधानी' का रूपमा तयार पारेका थिए । त्यहाँ ल्हासामा भन्दा झण्डै दोब्बर १२,००० विद्रोहीहरू बसेका थिए । जनमुक्ति सेनाले त्यहाँ दुई हप्तासम्म ४७ पटक युद्ध लडे तथा चार प्रमुख सहरहरू कब्जामा लिए । अप्रिलको अन्तमा जनमुक्ति सेनाले लोकामा राजनैतिक र सैनिक सङ्घर्षलाई सँगसँगै अघि बढाए । समातिएका विद्रोहीहरूलाई नमार्ने, आत्मसमर्पण गरेकालाई कारागार चलान नगर्ने र पहिले गरेका गल्तीको जनताबिच बेइज्जत नगर्ने र 'राम्रो काम गरेकालाई पुरस्कार दिने' घोषणा गर्दै जनमुक्ति सेनाले सहरमा सूचनाहरू टाँसे, जनताबिच बैठकहरू राखे । आत्मसमर्पण गर्नेका नाइकेलाई १०० युआन 'युद्धको लागत बचाइदिएको' भन्दै पुरस्कार दिए । त्यसपछि सहरी बासिन्दाहरू, किसानहरू र समातिएका विद्रोहीहरू स्वयम् अन्य विद्रोहीहरूलाई खोज्न र आत्मसमर्पणका लागि उत्प्रेरित गर्न गए । विद्रोहमा लागेका छोरालाई बुबाले, श्रीमतीले श्रीमान्‌लाई र किसानहरूले आफ्ना छिमेकीहरूलाई विद्रोहबाट फर्काउन हिंडे । जनमुक्ति सेनाको विश्लेषणअनुसार 'ती विद्रोहीहरूले राष्ट्रियता वा धर्मका लागि विद्रोह गरेका थिएनन् तर दास मालिकहरूले दासप्रथालाई चालू राख्न गरेको लडाइँ थियो ।' ८० प्रतिशत विद्रोहीहरू बलजफ्ती र धोका दिएर विद्रोहमा ल्याइएका थिए । विद्रोहीहरूको विभिन्न दर्जामा पनि तिब्बती र खम्पाहरूबिच, लामाहरू र तिब्बती सेनाबिच मत भिन्नता थियो ।

आउँदो सुधारका कार्यक्रमहरूको लागि तयार गर्न र प्राविधिक रूपमा अझै पनि दासका रूपमा रहेका किसानहरूलाई सङ्गठित गर्न हजारौँ जनमुक्ति सेना लागे । तिनीहरूले 'किसान सङ्घ' गठन गरेर सहरीकरण र प्रान्तीय सरकार गठन गर्ने तयारी गरे; विद्रोहीबाट घाइते भएका र बलात्कृत भएका महिलाहरूको उपचार, किसानहरूलाई बीउ वितरण, प्राथमिक विद्यालय सञ्चालन गरे ।

दुई महिनासम्म जनमुक्ति सेना, तदर्थ समिति र कार्यकारी समितिले तिब्बतभरिका विभिन्न क्षेत्रहरू भ्रमण गरी जनताका इच्छा, आकाङ्क्षा र सूचना सङ्कलन गरे । सबै ठाउँमा मानिसहरू सुधार कहिले आउँछ भनी सोध्थे । मानिसहरूले कोर्रा र यातना दिने औजारहरूको जफतलाई सुधारको पहिलो सङ्केतको रूपमा र बाली जोत्नेलाई दिनुलाई पहिलो सर्तका रूपमा बुझे । दासहरू, भूदासहरू र गृहिणीहरू सुधारलाई कसरी लागू गर्ने भन्दै विभिन्न कार्यालयहरूमा सोध्न जान्थे । तिब्बतका केही प्रान्तहरूमा जनताको प्रान्तीय सरकार गठन गरियो । तिब्बती जनता आफ्ना घरका मालिक आफै भए ।

२८ जूनको दिन पञ्चेन एर्डेनीको अध्यक्षतामा नयाँ स्थानीय सरकारको दोस्रो पूर्ण बैठक सुरु भयो । पहिलो बैठक ८ अप्रिलको दिन प्रजातान्त्रिक सुधारको तदर्थ समितिले सत्ता हातमा लिएको थियो । दोस्रो बैठकमा 'प्रजातान्त्रिक सुधार' को कार्यक्रम पारित भयो । सभालाई विभिन्न सामाजिक दर्जाका सबै क्षेत्रका ६०० जना मानिसहरूले अवलोकन गरे भने तीमध्ये १०० जना दासहरू, नयाँ किसान सङ्घले प्रतिनिधिका रूपमा पठाएका थिए । इतिहासमा पहिलो पटक तिब्बतका दासहरू, मालिकहरू वा कुलीनहरू सँगै एउटै कोठामा बसेका थिए ।

तीन महिनासम्मको छलफलपछि 'प्रजातान्त्रिक सुधार' लाई दुई चरणमा गर्ने प्रस्ताव राखियो । पहिलो चरणमा 'तीनवटा उन्मूलन र दुइटा घटाउने' (सान फान र सुयाङ जियान' (San fan and shuang jian) भयो । विद्रोह, जबरजस्ती श्रम र व्यक्तिगत नोकर चाकर राख्ने काम उन्मूलन तथा जग्गाको तिरो र ब्याजदर घटाइने भयो । दोस्रो चरणमा पहिलेका दासहरूलाई नि:शुल्क रूपमा भूमि र जग्गा वितरण गरिने भयो ।

आठ वर्षमा पेचिङले सुधारका लागि चाहिने कर्मचारीहरू तयार पारे । १०,००० भन्दा बढी तिब्बतीहरूले चीनको विभिन्न भागहरूमा शिक्षा लिए । धेरैजसो दासहरू जनमुक्ति सेनामा भर्ती भए । ५५५ तिब्बती कार्यकर्ताहरू, कर्मचारीहरू, तिब्बती स्वायत्त क्षेत्रमा काम गर्न गए । तिब्बतमै पनि दासहरूबिचमा कार्यकर्ताहरू छिटोछिटो बढे, निरक्षर जनसङ्ख्या बाँकी रहे पनि स्थानीय अनुभवबाट सिक्दै पनि थिए । लामाहरू पनि विद्रोह दबाउन र किसानहरूमाझमा सङ्गठन गर्न सहयोग गरिरहेका थिए ।

नयाँ तिब्बत निर्माणका लागि यतिले पुग्दैनथ्यो, सबै जना मिलेर अघि बढ्नुपर्छ भनी सबैतिरका जनता उठे र सिक्दै गए । दासहरू सचेत भए तथा सुधारको रक्षा गर्ने तिब्बती जनतालाई कहिल्यै पनि पेचिङ र ल्हासाप्रति आस्थावान हुनका लागि दबाब दिइएन । जनमुक्ति सेनाले यातना गृह र यातना दिने औजारहरू जफत गर्ने, जग्गामा बाली लगाउनेको हुने घोषणा गरेपछि तिनीहरू स्वत: पेचिङप्रति निष्ठा राख्न थाले । जनता कोप्रति निष्ठा राख्ने भन्ने द्वन्द्वबिना नै पुरानो व्यवस्थालाई कति हदसम्म घृणा गर्थे र कसरी तिनीहरू स्वतन्त्र बन्ने भनी सचेत भए ।

***स्रोत : तिब्बतका भू-दासहरू उठ्दा***



इरानसित जेनेभामा वार्ता गर्न लागेको संरा अमेरिकाले आफ्नो युद्धकविमान वाहक युएसएस जेराल्ड फोर्ड ग्रीसको क्रेटसहित भूमध्य सागरको सौदा बन्दरगाहमा ल्याइएको छ । उक्त स्थानबाट उडेको विमानले इरान, इराक, लेबनान र इजिप्टमाथि समेत आक्रमण गर्न सहज हुने बताइएको छ ।

*तस्बिर : एएफपी*

# जापानी कम्पनीमाथि चिनियाँ प्रतिबन्ध

पेइचिङ, २४ फेब्रुअरी (एपी) । ताइवान विषयलाई लिएर चीन-जापान सम्बन्धमा चर्किएको कूटनीतिक तनावबिच चीनले मङ्गलबार ४० जापानी कम्पनीमाथि कडा निर्यात निगरानी र नियन्त्रण उपाय घोषणा गरेको छ । पेइचिङले २० कम्पनीलाई सीधै निर्यात नियन्त्रण सूचीमा राख्दै चिनियाँ निर्यातकर्ताहरूलाई ती संस्थासँग दोहोरो प्रयोगका सामग्रीको कारोबार गर्न प्रतिबन्ध लगाएको छ भने थप २० कम्पनीलाई कडा निगरानी सूचीमा समावेश गरेको छ ।

चिनियाँ वाणिज्य मन्त्रालयका अनुसार नागरिक र सैन्य दुवै प्रयोजनमा प्रयोग गर्न सकिने 'दोहोरो प्रयोग' सामग्री अब ती २० कम्पनीलाई बेच्न पाइने छैन । मन्त्रालयले जारी गरेको विज्ञप्तिमा 'सबै चलिरहेका सम्बन्धित गतिविधिहरू तुरुन्तै बन्द हुनुपर्छ' भनेर स्पष्ट निर्देशन दिइएको छ । विदेशी संस्था वा व्यक्तिलाई समेत चीनमा उत्पादित त्यस्ता सामग्री ती सूचीकृत कम्पनीलाई उपलब्ध गराउन रोक लगाइएको जनाइएको छ ।

प्रतिबन्ध सूचीमा परेका कम्पनीहरूमा जहाज निर्माण, विमान इन्जिन तथा समुद्री मेसिनरी उत्पादनमा संलग्न मित्सुबिसी हेवी इन्डस्ट्रिजका सहायक कम्पनीहरू, कावासाकी हेभी इन्डस्ट्रिज तथा फुजिट्सुका केही डिभिजनहरू समावेश छन् । निगरानी सूचीमा राखिएका कम्पनीसँग कारोबार गर्न चाहने चिनियाँ निर्यातकर्ताले व्यक्तिगत इजाजतपत्रका लागि आवेदन दिनुपर्नेछ र जोखिम मूल्याङ्कन प्रतिवेदनसहित जापानी सेनाले ती सामग्री प्रयोग नगर्ने लिखित प्रतिबद्धता पेस गर्नुपर्ने व्यवस्था गरिएको छ । उक्त सूचीमा सुबारू कर्पोरेसन, मित्सुबिशी मटेरियल्स कर्पोरेसन र इन्स्टिच्युट अफ साइन्स टोकियोजस्ता संस्थाहरू रहेका छन् ।

चिनियाँ पक्षले यी कदमलाई जापानको पुन: सैन्यीकरण र सम्भावित आणविक महत्त्वाकाङ्क्षाप्रति चासो व्यक्त गर्दै 'पूर्ण रूपमा वैध, उचित र कानुनी' उपाय भएको दाबी गरेको छ । मन्त्रालयले यी निर्णय केवल सीमित सङ्ख्याका संस्थालाई लक्षित गरिएको र सामान्य आर्थिक तथा व्यापारिक आदानप्रदानमा असर नपर्ने स्पष्ट पारेको छ । "इमानदार र कानुन पालन गर्ने जापानी संस्थाहरूले चिन्ता गर्नुपर्ने कुनै कारण छैन," विज्ञप्तिमा उल्लेख छ ।

यो निर्णयलाई गत नोभेम्बरमा जापानी प्रधानमन्त्री साने ताकाइचीले ताइवानको सुरक्षासम्बन्धी सम्भावित अवस्थाबारे व्यक्त गर्नुभएको धारणा पश्चात् विकसित हुँदै आएको द्विपक्षीय संवेदनशीलताको निरन्तरताका रूपमा हेरिएको छ । पेइचिङले ताइवानलाई आफ्नै भू-क्षेत्रसँग सम्बन्धित विषयका रूपमा व्याख्या गर्दै आएको छ र यस सम्बन्धमा आफ्नो अडान स्पष्ट राख्दै आएको छ । ताइवानको हैसियतबारे बाह्य पक्षबाट आउने अभिव्यक्तिहरूप्रति चीनले सामान्यतया सावधानीपूर्ण र संवेदनशील प्रतिक्रिया जनाउँदै आएको छ ।

# म्यान्माको नयाँ संसद् मार्च १६ मा पहिलो सत्र बोलाउने

बैङ्कक, २४ फेब्रुअरी (एपी) । म्यान्माको नयाँ संसद् आगामी मार्च १६ मा पहिलो सत्र बोलाउने भएको छ । यो सन् २०२१ मा सेनाले आङ सान सुकीको नेतृत्वमा रहेको निर्वाचित सरकारको सत्ता कब्जा गरेपछि पाँच वर्षभन्दा बढीमा हुने पहिलो बैठक हुनेछ । निर्वाचनपछि मङ्गलबार देशको सरकारी मिडियाले चुनावको आलोचना गर्नेहरूले यो चुनाव स्वतन्त्र वा निष्पक्ष नभएको बताएको रिपोर्ट गरेका छन् ।

संसद्को पहिलो सत्र डिसेम्बर र जनवरीमा देशका ३३० वटा टाउनसिपमध्ये २६३ ठाउँमा चरणबद्ध रूपमा भएको चुनावपछि सुरु हुँदैछ । सेना समर्थित युनियन सोलिड्योरिटी एन्ड डेभलपमेन्ट पार्टी (युएसडीपी) ले बहुमत जितेको छ भने पूर्व सत्तारूढ नेसनल लिग फर डेमोक्रेसी र अन्य दलहरूले अनुचित सर्तका कारण चुनावमा भाग लिन अस्वीकार गरेका थिए ।

सरकारी समाचारपत्र अलिनका अनुसार ४४० सिट भएको तल्लो सदनको अधिवेशन मार्च १६ मा सुरु हुनेछ । माथिल्लो सदन २२४ सिटका लागि दुई दिनपछि नेपिटोमा खुल्नेछ र १४ वटा क्षेत्रीय सदन मार्च २० मा भेला हुनेछन् ।

हालको प्रक्रियाले पूर्ण नागरिक शासनमा रूपान्तरणको सङ्केत नदिए पनि, सेना र यसको सहयोगीहरूले संसद्का दुवै सदनमा अधिकांश सिटहरू ओगटेका छन् । निर्वाचन आयोगका अनुसार दुई सदनको कुल ५८६ सिटमध्ये युएसडिपीले ३३९ सिट जितेको छ । संविधानअनुसार सेनाले स्वत: १६६ सिट पाउने भएकाले, सैन्य सरकार र यसको सहयोगीहरूको नियन्त्रणमा कुल ५०५ सिट पुगेको छ ।

नयाँ संसद्को पहिलो कार्य प्रत्येक सदनका अध्यक्ष चयन गर्नु, त्यसपछि राष्ट्रपति र दुई उपाध्यक्ष चयन गर्नु हुनेछ । वर्तमान सैन्य सरकारका प्रमुख वरिष्ठ जनरल मिन आङ हलाइङले राष्ट्रपति पद ग्रहण गर्ने अपेक्षा गरिएको छ । यद्यपि, संविधानले राष्ट्रपतिलाई सेनाको कमान्डर-इन-चिफ पद एकसाथ राख्नबाट रोक्छ ।

म्यान्माकी ८० वर्षीय पूर्वनेता आङ सान सुकीले राजनीतिक रूपमा प्रेरित आरोपमा २७ वर्ष जेल सजाय भोगिरहनुभएको छ । उहाँको पार्टी, जसले २०१५ र २०२० को चुनावमा ठूलो जीत हासिल गरेको थियो, नयाँ सैन्य नियमअन्तर्गत दर्ता गर्न अस्वीकार भएपछि २०२३ मा विघटन भएको थियो ।

नयाँ संसद्को बैठकलाई म्यान्मामा सैन्य नियन्त्रण र लोकतान्त्रिक अपेक्षाबिचको जटिल सन्दर्भमा हुने पहिलो महत्त्वपूर्ण राजनीतिक घटनाका रूपमा हेरिएको छ ।



## विश्व सङ्क्षेप

# मध्य इरानमा सेनाको हेलिकप्टर दुर्घटना, चार जनाको मृत्यु : मिडिया

तेहरान, २४ फेब्रुअरी (एएफपी) । इरानी सेनाको वायु सेनाको हेलिकप्टर मङ्गलबार मध्य प्रान्त इस्फहानको फलफुल बजारमा दुर्घटनाग्रस्त हुँदा चार जनाको मृत्यु भएको सरकारी मिडियाले जनाएको छ ।

दुर्घटनामा पाइलट, सह-पाइलट र दुई जना फलफुल व्यापारीको मृत्यु भएको इरना समाचार एजेन्सीले जनाएको छ । एजेन्सीका अनुसार दुर्घटनाको कारण 'प्राविधिक खराबी' भएको बताएको छ । दुर्घटना इस्फहान प्रान्तको खोमेनिसहर सहरमा भएको पुष्टि गरिएको छ ।

लगातारको प्रतिबन्ध खेप्दै आएको इरानले पछिल्लो समयमा धेरैवटा हवाई प्रकोपहरूको सामना गरेको छ भने अधिकारीहरूले आफ्ना पुराना जहाजहरूका लागि स्पेयर पार्ट्सहरू प्राप्त गर्न गाह्रो भएको गुनासो गरेका छन् ।

यसअघि पश्चिमी हामेदान प्रान्तमा प्रशिक्षण अभ्यासको क्रममा बिहीबार, एक इरानी लडाकू जेट दुर्घटना ग्रस्त हुँदा दुई जना पायलटहरूमध्ये एकको मृत्यु भएको इरानी मिडियाले जनाएका छन् ।

# अमेरिकामा नयाँ कर लागू

वासिङ्टन, २४ फेब्रुअरी (एएफपी) । सर्वोच्च अदालतले विश्वव्यापी करसम्बन्धी पुरानो निर्णय खारेज गरिदिएपछि राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो व्यापार नीति पुनर्संरचना गर्दै आयातित वस्तुहरूमा नयाँ अमेरिकी कर मङ्गलबारदेखि लागू गराएका छन् । सुरुमा १० प्रतिशत कायम गरिएको यो करलाई ह्वाइट हाउसले 'संयुक्त राज्य अमेरिकाको गम्भीर भुक्तानी सन्तुलन घाटा सम्बोधन गर्ने उपाय' का रूपमा व्याख्या गरेको छ ।

राष्ट्रपति ट्रम्पले उक्त दरलाई १५ प्रतिशतसम्म पुऱ्याउने योजना सार्वजनिक गरेका छन् । यद्यपि, क्षेत्र-विशेष अनुसन्धानअन्तर्गत रहेका उत्पादन तथा अमेरिका-मेक्सिको-क्यानाडा व्यापार सम्झौताअन्तर्गत पर्ने सामानहरूमा छुट दिइने अपेक्षा गरिएको छ । नयाँ कर काङ्ग्रेसले समयावधि नबढाएसम्म १५० दिनसम्म मात्र कायम रहनेछ र यसलाई दीर्घकालीन व्यापार नीतितर्फको सङ्क्रमणकालीन कदमका रूपमा हेरिएको छ ।

गत शुक्रबार सर्वोच्च अदालतले सन् १९७७ को कानुन प्रयोग गरी विभिन्न देशमा एकतर्फी कर लगाउने कार्य राष्ट्रपतिको अधिकारभन्दा बाहिर रहेको ठहर गर्दै पुरानो विश्वव्यापी करहरू खारेज गरेको थियो । यद्यपि, स्टिल र अटोमोबाइलजस्ता क्षेत्रमा लागू गरिएका क्षेत्र-विशिष्ट कर भने यथावत् रहेका छन् । अमेरिकी भन्सार तथा सीमा सुरक्षाले अदालतले रद्द गरेका करको सङ्कलन रोकेको जनाएको छ भने मङ्गलबारदेखि नयाँ १० प्रतिशत कर उठाउन सुरु गरेको पुष्टि गरेको छ ।

# अमेरिकाले क्यारेबियन क्षेत्रमा गरेको डुङ्गा आक्रमणमा तीन जनाको मृत्यु

वासिङ्टन, २४ फेब्रुअरी (क्युएनए) । अमेरिकी सेनाले क्यारिबियन क्षेत्रमा लागु-औषध तस्करी गर्ने डुङ्गालाई लक्षित गरी गरेको आक्रमणमा तीन जनाको मृत्यु भएको घोषणा गरेको छ ।

युएस साउदर्न कमान्डले सामाजिक सञ्जाल एक्समा जारी गरेको विज्ञप्तिमा आतङ्कवादी सङ्गठनसँग सम्बन्धित जहाजमा आक्रमण गरिएको उल्लेख गरिएको छ ।

जहाज क्यारिबियन क्षेत्रका नार्को-तस्करी मार्गहरूमा ओसार- पसार गरिरहेको उल्लेख गर्दै नार्को-तस्करी अपरेसनमा संलग्न रहेको विज्ञप्तिमा भनिएको छ ।

सन् २०२५ सेप्टेम्बरको सुरुदेखि संयुक्त राज्य अमेरिकाले तस्करी गतिविधिमा संलग्न रहेको सशङ्कित पानी-जहाज तथा डुङ्गाहरूलाई लक्षित गर्दै आएको छ, जसको परिणामस्वरूप अहिलेसम्म दर्जनौँ मानिसहरूको मृत्यु भएको जनाइएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले हालै जारी गरेको राष्ट्रिय रक्षा रणनीतिमा सन्दिग्ध लागु-औषध तस्करहरूविरुद्धको सैन्य कारबाही समावेश गरिएको जनाइएको छ ।

# भारतमा चार्टर्ड एयर एम्बुलेन्स दुर्घटनामा मृत्यु हुनेको सङ्ख्या ७ पुग्यो

मुम्बई, २४ फेब्रुअरी (एएफपी) । पूर्वी भारतीय राज्य झारखण्डमा चार्टर्ड एयर एम्बुलेन्स दुर्घटना हुँदा मृत्यु हुनेको सङ्ख्या सात पुगेको अधिकारीहरूले मङ्गलबार बताएका छन् ।

नागरिक उड्डयन महानिर्देशनालय (डिजिसिए) ले 'मेडिकल निकासी ( एयर एम्बुलेन्स) उडान' सञ्चालन गर्ने बिचक्राफ्ट सी-९० सोमबार पूर्वी राज्य झारखण्डको कसारिया क्षेत्रमा दुर्घटना भएको पुष्टि गरेको छ ।

उद्धार र चिकित्सा टोलीहरू दुर्घटना स्थलमा पुगेका छन् भने, स्थानीय मिडियाले दुर्घटना स्थल दुर्गम जङ्गलभित्र रहेको जनाएका छन् । डाक्टरको टोलीले उनीहरूलाई फेला पारी परीक्षण गरेर मृत घोषणा गरेको स्थानीय प्रशासनिक अधिकारी कीर्तिश्री जीले पत्रकारहरूसँगको साक्षात्कारमा बताउनुभयो । उहाँका अनुसार मृत्यु हुने सात जनामध्ये दुई जना चालक दलका सदस्य थिए ।

डिजिसिएले सोमबार राति रेडबर्ड एयरवेजद्वारा सञ्चालित विमानले मौसमका कारण सन्तुलन गुमाएको जनाकारी गराएको २३ मिनेटपछि हवाई ट्राफिक राडारसँग सम्पर्क गुमाएको बताएको छ ।

भारतको विमान दुर्घटना अनुसन्धान ब्युरोलाई अनुसन्धानका लागि घटनास्थलमा पठाइएको जनाइएको छ ।

# नेपालका सडक मृत्युको पासो कि विकासको आधार ?

डा. विश्वराज दवाडी

नेपालमा सडक दुर्घटना कुनै नौलो कुरा रहेन। हरेक दिन पत्रपत्रिका र समाचारका 'हेडलाइन' हरू सडक दुर्घटना र ज्यान गुमाउनेहरूको तथ्याङ्कले भरिएका हुन्छन्। अस्ति मात्रै पोखराबाट काठमाडौंतर्फ आइरहेको यात्रुवाहक बस दुर्घटना हुँदा १९ जनाले अकालमै ज्यान गुमाउनुपर्‍यो भने २५ जना यात्रु घाइते अवस्थामा छन्। यसअघि पनि केही हप्ताको अन्तरमै धेरैको ज्यान जानेगरी सवारी दुर्घटनाहरू भएका छन्।

प्रहरीको तथ्याङ्कअनुसार पछिल्लो आठ वर्षमा नेपालमा सडक दुर्घटनामा ज्यान गुमाउनेको सङ्ख्या १९ हजार ३५८ पुगेको छभने ९६ हजार घाइते भएका छन्।

प्रहरी मुख्यालयमा प्राप्त विवरणअनुसार २०७० को दशकको आठ आर्थिक वर्षमा मात्रै एक लाख ८६ हजार २७७ सडक दुर्घटना भएका छन्। दुर्घटनामा ज्यान गुमाउने नागरिकको सङ्ख्या १९ हजार ३५८ पुगेको छ। यस्ता दुर्घटनामा परी एक लाख ३५ हजार १७५ जना मानिस घाइते भएका छन्। दुर्घटनाका विवरण केलाउँदा सबैभन्दा जोखिममा मोटरसाइकल र जिप तथा कार भ्यान देखिएका छन्।

नेपाल प्रहरीको तथ्याङ्कअनुसार वार्षिक हजारौँ मानिसले सडकमा अकालमै ज्यान गुमाउँछन्। भौगोलिक विकटता, कमजोर पूर्वाधार र मानवीय लापरबाहीको त्रिकोणात्मक मिलनले नेपालका सडकहरू अहिले 'मृत्युको पासो' जस्तै बनेका छन्।

दुर्घटनाको प्रकृतिअनुसार विवरण हेर्दा तीन कारणले दुर्घटना बढी हुने गरेका छन्। पहिलो चालकको लापरबाही, दोस्रो सडक पूर्वाधार र तस्रो यान्त्रिक कारण हो। सडक दुर्घटना बढ्नुको मुख्य कारण चालकको लापरबाही, सडक पूर्वाधारमा खेलाँची र दुर्घटना न्यूनीकरणका लागि पहल नगर्नुलाई लिन सकिन्छ।

यस्तै, सवारी चालक चेकजाँच नगरिएको, चालक निदाएको, जथाभावी ढोका खोलेको, ट्राफिक नियम उल्लङ्घन गरेको, मादक पदार्थ सेवन गरेको, 'ओभरटेक' गरेको र सवारी चलाउँदा मोबाइल फोन प्रयोग गरेका कारण पनि दुर्घटना भएका छन्। दुर्घटनाले मानिसको अकालमै मृत्यु हुने मात्र होइन, अपाङ्ग हुनुपर्दा परिवारलाई विचलित अवस्थामा पुर्‍याएको छ।

हाम्रो भौगोलिक अवस्था र सडकको बनावटले गर्दा पनि दुर्घटनाको दर बढ्दै गएको छ। नेपालको धरातलीय स्वरूप आफैँमा चुनौतीपूर्ण छ। पहाडी भेगमा घुम्ती सडकहरू, भिरालो जमिन र साँघुरा बाटाहरू छन्। इन्जिनियरिङको दृष्टिले कतिपय सडकहरू मापदण्ड विपरीत खनिएका छन्। वर्षायाममा पहिरो र हिउँदमा बाक्लो हुस्सुका कारण सडकको दृश्यता कम हुँदा दुर्घटनाको जोखिम उच्च हुन्छ।

विशेषगरी राजमार्गहरूमा रहेका 'ब्ल्याक स्पट' (दुर्घटना बढी हुने ठाउँ) हरूको पहिचान र सुधार हुन सकेको छैन। दिनहुँजसो यति धेरै दुर्घटनाका घटनाहरू हुने गरे पनि राज्य र जनस्तरबाट त्यति गम्भीरता देखाएको पाइँदैन। पहिलो त राजमार्गमा को-को गुड्न पाउने भन्ने बारेमा नै अन्योल छ। नेपालका राजमार्गहरूको मुख्य समस्या भनेकै 'लेन व्यवस्थापन' को अभाव हो। विकसित देशहरूमा राजमार्गमा साइकल वा कम गतिका सवारीलाई निषेध गरिन्छ, तर नेपालमा एउटै लेनमा भारी सवारीसाधन (बस, ट्रक), निजी सवारी (कार, जिप), दुईपाङ्गे (मोटरसाइकल, स्कुटर) साइकल र पैदलयात्री र कतिपय ठाउँमा चौपाया सडकमै हिँड्ने गर्दछन्। यसले गर्दा दुर्घटनालाई बढाएको छ। यो मिश्रित यातायात प्रणाली नै दुर्घटनाको प्रमुख कारक हो। राजमार्गमा गुड्ने चालकसँग अनिवार्य रूपमा सम्बन्धित श्रेणीको अनुमति पत्र हुनुपर्छ। भारी सवारीका लागि कम्तीमा २१ वर्ष उमेर पुगेको र विशेष तालिम प्राप्त व्यक्ति मात्र योग्य मानिन्छन्। तर हाम्रो व्यवहारमा जसले जुनसुकै सावरी पनि चलाएको पाइन्छ।

अधिकांश ठुला दुर्घटनाहरूलाई हेर्दा विषम समय र मौसमको चुनौतीका कारण भएको देखिन्छ। धेरैजसो ठुला दुर्घटनाहरू 'अड आवर' अर्थात् मध्यरात वा भिसमिसे बिहानीमा हुने गरेका छन्। यसका पछाडि चालकको थकान, निद्रा र तीव्र गतिको मोह जिम्मेवार हुन्छ। त्यस्तै, खराब मौसम जस्तैः भारी वर्षा, बाक्लो कुहिरो र हिउँ परेको बेला सवारी चलाउँदा सडकको पकड कम हुन्छ, जसले गर्दा सवारी नियन्त्रण बाहिर गई दुर्घटना हुन्छ। कुन सडकमा कस्तो सवारी गुड्ने ? सडकमा हिँड्दा चालक, यात्रु वा सडक प्रयोगकर्ता बटुवाले कस्तो अनुशासन पालना गर्ने कार्यमा खटिएका हुन्छन्। कतिपय अवस्थामा स्थानीय समुदायले पनि सहयोग गरेका हुन्छन्। उद्धारका लागि आवश्यक उपकरण, सामग्रीहरूको अभावमा समयमै उदार कार्यमा कठिनाइ हुने गर्दछ। क्रेन र हेलिकप्टर उद्धारको व्यवस्था सीमित छ। समयमै उद्धार हुन नसक्दा कतिपय घाइतेलाई बचाउन सकिँदैन।



र कस्तो मान्छेले सवारी चालक अनुमति पत्र पाउने भन्नेमा पनि नेपालमा खासै महत्त्व दिने गरेको पाइँदैन।

दुर्घटना भइसकेपछि उद्धारका लागि हामीसँग निश्चित मापदण्ड हुनु आवश्यक छ। दुर्घटना भएपछिको पहिलो एक घण्टालाई 'गोल्डेन आवर' भनिन्छ। यदि यो समयमा घाइतेले प्राथमिक उपचार पाएमा ज्यान जोगिने सम्भावना धेरै हुन्छ। नेपालमा 'सडक दुर्घटना उद्धार निर्देशिका' त छ, तर यसको कार्यान्वयन फितलो छ। घटनालगत्तै नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाले उद्धार

राजमार्ग छेउछाउमा अस्पताल र ट्रमा सेन्टरहरूको अभाव छ, जसले गर्दा घाइतेलाई समयमै अस्पताल पुर्‍याउन सकिँ दैन।

**अबको बाटो**

देशभर सडक सञ्जालको विस्तारसँगै सवारीसाधनको सङ्ख्या पनि ह्वात्तै बढेर गएको छ। वर्षेनी लाखौँको सङ्ख्यामा सवारीसाधन भित्रिने गरेका छन् भने वर्षौं पुराना सवारीसाधनहरू पनि सडकमा गुडिरहेका देखिन्छन्। त्यसैले सडक सुरक्षामा सुधार गर्न अब पुरानो ढर्राले पुग्दैन। **यसका लागि सरकारले निम्न कुरामा तुरुन्तै ध्यान दिनु आवश्यक छ :**

**लेन अनुशासन:** राजमार्गहरूमा साइकल र मोटरसाइकलका लागि छुट्टै लेनको व्यवस्था गर्नुपर्छ। एउटै सडकमा सबैखाले सवारी गुडाउँदा दुर्घटनाको जोखिम उच्च हुने गर्दछ। अन्य देशमा लेन अनुशासनलाई निकै महत्त्वका साथ हेरिन्छ।

**गति निगरानी:** राजमार्गका विभिन्न ठाउँमा 'सिसिटिभी' र 'राडार गन' को प्रयोग गरी तीव्र गतिमा चलाउने चालकलाई कडा कारबाही गर्नुपर्छ। अन्य देशमा जस्तो कडा जरिवानाको व्यवस्था भएमा अनुशासनको पालना हुँदा स्वतः दुर्घटना कम हुने गर्दछ।

सवारी परीक्षणः पुराना र जीर्ण सवारीसाधनलाई राजमार्गमा गुड्न रोक लगाउनुपर्छ। बिसौँ वर्ष पुराना वा जीर्ण अवस्थामा रहेका सवारीसाधनलाई सडकमा प्रवेश नदिने व्यवस्थालाई कडाइका साथ लागू गरिएमा दुर्घटनामा कमी आउनेछ।

चालकको स्वास्थ्यः सवारी चलाउने काम पनि उत्तिकै शारीरिक परिश्रमको काम भएकाले चालकको स्वास्थ्य राम्रो हुनु जरुरी हुन्छ। त्यसमा पनि लामो दूरीका चालकहरूको नियमित स्वास्थ्य र मानसिक अवस्थाको परीक्षण अनिवार्य गरिनुपर्छ।

यी माथि उल्लिखित केही सुधारका प्रयासहरू गर्न सकिए मात्रै पनि सवारी दुर्घटनाको भयावह अवस्थालाई धेरै नै कम गर्न सकिन्छ। अब पनि सडक सुरक्षा सुधारका लागि जनचेतना र सडकको अवस्था सुधारमा तत्काल बृहत्तर पहल नगरे आगामी वर्षहरू थप विकराल हुनेछ। सडक सुरक्षा केवल सरकारको मात्र जिम्मेवारी होइन, यो हामी सबैको साझा दायित्व हो। नियमको पालना गर्ने संस्कृति, व्यवस्थित सडक पूर्वाधार र प्रभावकारी उद्धार संयन्त्रले मात्र नेपालको सडक यात्रालाई सुरक्षित बनाउन सक्छ। अन्यथा, विकासको नाममा खनिएका सडकहरूले नागरिकको रगत पिउने क्रम रोकिने छैन।

*(लेखक जेनरल प्राक्टिस एन्ड इमेर्जेन्सी मेडिसिन एसोसिएसन अफ नेपालका अध्यक्ष हुनुहुन्छ)*

# बत्ती पुग्ने आशामा अपिवासी

● नरेन्द्रसिंह कार्की/रासस

*"चौलानीको कञ्चन पानी, बिजुलीको खानी*
*अँध्यारोमै बित्न लाग्यो, हाम्रो जिन्दगानी*
*आशा छ अब त सरकार, बिजुली बालिदेला*
*घरघरमा बत्ती बल्दा, खुसीले मन छाउँला।"*

देउडिया प्रेमसिंह कार्कीले गुनगुनाउने यी शब्दमा अपिहिमालको पीडादायी यथार्थ लुकेको छ। टुकी र सोलारको भरमा जीवन बिताउँदै आएका कार्की अहिले ७० वर्ष पुगिसक्नुभयो। गाउँको तल चमेलिया नदी कलकल बगिरहे पनि उनीहरूको बस्ती भने अझै अन्धकारमै छ।

स्थानीय भाषा 'चम्लेउ' (चौलानी) भनेर चिनिने चमेलिया नदी अपिहिमाल ( सात हजार १३२ मिटर) को फेदबाट बग्छ। चमेलिया नदीबाट विद्युत् उत्पादन भएको धेरै सुनिए पनि मुहान नजिकैका बस्तीहरू भने उज्यालोबाट वञ्चित छन्।

अपिहिमाल गाउँपालिका-१ का ल्वाथी, लुम्चा, खायकोट, भट्टार, गुरुसाड, सिती, आरुखोड तथा वडा नं २ का घुसा, पाटु, लिथीलगायतका बस्ती अहिले पनि अन्धकारमै छन्। सेतो हिमाल चम्किएर उज्यालोको आभास दिलाए पनि गाउँमा विद्युत् नहुँदा स्थानीयको दैनिक जीवन कठिन बनेको छ।

जिल्लाको सबैभन्दा विकट क्षेत्र मानिएको दार्चुलाको अपिहिमालमा अहिले भने आशाको किरण देखिन थालेको छ। विद्युतीकरणका लागि हेलिकप्टरमार्फत ट्रान्सफर्मर ढुवानी गरिएपछि स्थानीयमा अब गाउँमा बत्ती बल्ने विश्वास बढेको हो। गाउँ-गाउँमा विद्युत्का पोल गाड्ने काम सुरु भइसकेको छभने हाइटेन्सन लाइन अपिहिमाल गाउँपालिका-२ को धनबोरासम्म पुगेको छ। पोल गाड्ने र तार तान्ने काम अघि बढेसँगै स्थानीय उत्साहित भएका छन्। पोल गाड्ने र तार तान्ने काम अघि बढेपछि भने अब गाउँमा विद्युत् आउँछ भन्नेमा स्थानीय ढुक्क भएका छन्।

अपिहिमाल गाउँपालिका-२ का रमेशसिंह लोथ्याल भन्नुहुन्छ, "गाउँमा विद्युत्कै लागि भने पोलहरू आफैँ पिठ्यूँमा बोकेर गाड्ने काम गरेका छौँ। विद्युत्को तार पुगेपछि थप विद्युतीकरण सुरु हुनेछ। छ वडा रहेको अपिहिमाल गाउँपालिकाको वडा नं ५ मा मात्रै विद्युत्को राष्ट्रिय प्रसारण लाइनको बत्ती बलेको छ। अहिले विद्युतीकरण हुन बाँकी रहेका सबै वडामा विद्युत् पुर्‍याउने गरी पोल विस्तार गर्ने काम भएको छ।

विद्युतीकरणको काम गराउँदै आएका निर्माण व्यवसायी जीवन लोथ्यालकाअनुसार अहिले अपिहिमाल गाउँपालिका-३ र ४ हुँदै वडा नं २ मा लाइन विस्तार गर्ने तयारी छ। अपिहिमाल गाउँपालिकाको सकारमा पोल गाड्न बाँकी छ। वडा नं १ को भट्टार गाउँभन्दा माथिल्लो क्षेत्रमा विद्युत्को पोल गाड्न बाँकी छ। विद्युत्को पोल गाडेपछि लाइन विस्तार अभियान चल्ने उहाँको भनाइ छ।

अपिहिमाल गाउँपालिका अध्यक्ष भगतसिंह ठेकरेका अनुसार अब अपिहिमाल गाउँपालिका छिट्टै राष्ट्रिय लाइनबाट बत्ती बल्नेछ। बस्ती-बस्तीहरूमा विद्युत् राष्ट्रिय प्रसारणलाइन विस्तार तीव्र गतिमा भइरहेको उहाँले बताउनुभयो।

अध्यक्ष बोहराका अनुसार हाल गाउँपालिका-४ को सबै ठाउँमा लाइन विस्तार भइसकेको, वडा नं ३ को लाइन विस्तार केही ठाउँमा सम्पन्न भएको छभने हाइटेन्सन पोल ढुवानी भइरहेको छ। वडा नं १ र २ मा लोकल सर्भिस पोल ढुवानी ९० प्रतिशत पूरा भएको उहाँले बताउनुभयो।

यस्तै, वडा नं ६ मा विद्युत्का पोल ढुवानीको काम चलिरहेको छ। नेपाल विद्युत् प्राधिकरणले दार्चुला-डोल्पा ग्रामीण विद्युतीकरण आयोजनामार्फत जिल्लाका सबै स्थानीय तहमा विद्युत् पुर्‍याउने गरी काम भइरहेको छ। दार्चुलामा विद्युत्को मेन लाइन र शाखा लाइनको काम धमाधम भइरहेको कस्मिक इलेक्ट्रिकल लिमिटेड परियोजनाका इन्जिनियर तथा प्रोजेक्ट म्यानेजर मनोज बस्नेतले बताउनुभयो।

उहाँका अनुसार अपिहिमालमा सिम्रिक एयरको हेलिकप्टरमार्फत २२ वटा विद्युत् ट्रान्सफर्मर ढुवानी गरिएको तथा हाइटेन्सन लाइन विस्तार हुँदैछ।

जिल्लाको महाकाली, लेकम, मालिकार्जुन, दुहुँ, शैल्यशिखरलगायत अधिकांश स्थानीय तहमा विद्युतीकरणको काम अन्तिम चरणमा पुगेको छ। व्यास, मार्मा, नौगाडमा पनि विद्युतीकरणको काम भइरहेको छ। अपिहिमालमा जनशक्ति अभावका कारण विद्युतीकरणमा ढिलाइ भइरहेको इन्जिनियर बस्नेतले बताउनुभयो।

प्राधिकरणको प्रादेशिक कार्यालय अत्तरिया र दार्चुला वितरण केन्द्र खलङ्गाले यस जिल्लाको नौवटै स्थानीय तहमा विद्युत् लाइन विस्तार, मर्मत तथा विद्युतीकरणको काम गरिरहेको नेपाल विद्युत् प्राधिकरण दार्चुला वितरण केन्द्र प्रमुख रौशनकुमार ठाकुरले बताउनुभयो।

करिब २८ हजार घरधुरी रहेको दार्चुलामा अहिले २२ हजार ४८८ घरधुरीमा विद्युत् पहुँच पुगेको ठाकुरले बताउनुभयो। यो कुल विद्युतीकरण भएको ७९ दशमलव २४ प्रतिशत हो। यी घरधुरीहरूमा विद्युत्को मिटर जडान भइसकेको छ।

गत आर्थिक वर्ष २०८१/८२ मा यहाँका सात गाउँपालिका र दुई नगरपालिकाका २८ हजार ३८१ घरधुरीका २० हजार ५६३ ग्राहकलाई रु. पाँच करोड ७५ लाख ८१ हजार ९५५ मा विद्युत् बिक्री गरिएको थियो।

गत आवमा जिल्लाका एक हजार ८६७ जना विद्युत्का नयाँ ग्राहक थपिएका थिए। केन्द्रले गत आवमा २० दशमलव आठ किलोमिटर एलटी लाइन र १५ दशमलव २५ किलोमिटर ११ केभिए लाइन निर्माण र नौ थान नयाँ ट्रान्सफर्मर जडान गरेको उहाँले बताउनुभयो। अहिले पनि विद्युत्को एलटी लाइन तथा ट्रान्सफर्मर थप गर्ने प्रक्रिया चलिरहेको छ। जिल्लामा दुई मेगावाट विद्युत् मात्रै खपत रहेको कार्यालय प्रमुख ठाकुरको भनाइ छ।

**एक सय मेगावट विद्युत् उत्पादन**

विद्युत्को 'हब' मानिएको चमेलिया र आसपासका नदीहरूबाट दार्चुलामा हालसम्म एक सय मेगावाट विद्युत् उत्पादन गरिएको छ। जिल्लाले भने हाल दुई मेगावट मात्रै विद्युत् खपत गरिरहेको छ। अझै जिल्लामा विद्युत् उत्पादनको काम निरन्तर भइरहेको छ। दार्चुलामा सरकारी तवरबाट उत्पादन गरिएको चमेलिया जलविद्युत् आयोजनाबाट ३० मेगावाट विद्युत् उत्पादन भइरहेको छ। शैल्यशिखर नगरपालिका-१ स्थित बलाँचमा विद्युत् उत्पादन भइरहेको हो। चमेलिया विद्युत् उत्पादन गरिएपछि जिल्लाभरि उत्पादन गरिएका विद्युत् यहीँ बाट जिल्ला बाहिर पठाउने काम भएको नेपाल विद्युत् प्राधिकरण दार्चुला वितरण केन्द्रले जनाएको छ।

यस्तै निजी क्षेत्रबाट मार्मा गाउँपालिका-२ घट्टेगाडमा माथिल्लो चमेलिया आयोजनाबाट ४० मेगावाट विद्युत् उत्पादन गरिएको छ। अपि पावर लिमिटेडले विद्युत् उत्पादन गरेको हो। यस्तै, अपिहिमाल गाउँपालिका-५ मकरीगाडमा १० मेगावाट, नौगाड खोला जलविद्युत् आयोजनाबाट शैल्यशिखर नगरपालिका-२ मा आठ दशमलव पाँच मेगावाट नौगाड र माथिल्लो नौगाड खोला आयोजनाबाट आठ मेगावाट विद्युत् उत्पादन भएको छ। यी आयोजनाहरूबाट व्यावसायिक रूपमा विद्युत् उत्पादन भइरहेको छ।

यसबाहेक अपिहिमाल गाउँपालिका-३ क्षत्तिगाडमा एक सय किलोवाट विद्युत् उत्पादन भएको छ। यस विद्युत्बाट अपिहिमालका वडा नं ३ र ४ मा बत्ती बलेको छ।

यस्तै नौगाड गाउँपालिका-३ होपरीगाडमा एक सय किलोवाट क्षमताको विद्युत् उत्पादन गरिएको छ। यसले हाल नौगाडका वडा नम्बर १, २, ३ र ४ नम्बरसम्म बिजुली बाल्ने काम भएको निर्माण समिति अध्यक्ष पानसिंह धामीले जानकारी दिनुभयो।

**चमेलिया र थालीगाडमा विद्युत् उत्पादन गरिँदै**

दार्चुलाको मार्मा गाउँपालिका-२ मा २८.३० मेगावाटको मध्यचमेलिया जलविद्युत् आयोजना निर्माणको काम चलिरहेको छ। दार्चुला पावर लिमिटेडले रु. पाँच अर्ब ६६ करोडको लागतमा आयोजना निर्माण गरिरहेको हो। अपर चमेलिया जलविद्युत् आयोजनाको विद्युत् गृहभन्दा आधा किलोमिटर तल मध्यचमेलियाको बाँध बनाएर आयोजना निर्माण भइरहेको छ।

अपि पावर कम्पनीको सहायक कम्पनी दार्चुला पावर लिमिटेडले २०८१ फागुन १० गते २४ महिनाभित्र निर्माण सक्ने गरी आयोजनाको शिलान्यास गरेको थियो। २०८३ माघसम्ममा आयोजना सम्पन्न गर्ने लक्ष्यअनुसार काम भइरहेको प्रोजेक्टर म्यानेजर विनय उप्रेतीले बताउनुभयो। अहिले विद्युत्को पाइप लाइन, पावर हाउसलगायत सबै काम भइरहेका छन्। विद्युत्को २५ प्रतिशत प्रगति भएको छ। अहिलेको बर्खा अगावै ६० प्रतिशत काम सकिने उहाँको भनाइ छ।

मार्मा गाउँपालिका-२, लाम्बगडमा बाँधस्थल रहने आयोजनाको साढे सात किलोमिटर तल मार्मा गाउँपालिका-३, नलबगडमा विद्युत् गृह निर्माण भइरहेको छ। यो आयोजनाबाट उत्पादित बिजुली नौ किलोमिटर तल बलाच सबस्टेसनमा जोडिनेछ। यस आयोजनाबाट वार्षिक १८५.६२ गिगावाट प्रतिघण्टा विद्युत् उत्पादन हुने बताइएको छ। मध्यचमेलियामा नेपाल बैङ्क लिमिटेड र नबिल बैङ्कको ७५ प्रतिशत ऋण लगानी रहेको छ भने २५ प्रतिशत दार्चुला पावर लिमिटेडको स्वपुँजी रहेको छ।

यस्तै, महाकाली नगरपालिका-६ र ७ को सीमाना भएर बग्ने थालिगाड खोलामा दुई मेगावाटको थालिगाड साना जलविद्युत् आयोजना निर्माण गरिदैछ। दार्चुलाको त्रिकाल पावर कम्पनी प्रालिले थालीगाड खोलामा आयोजना निर्माण सुरु गरिसकेको कम्पनीका निर्देशक दिलीपसिंह बुढाथोकीले जानकारी दिनुभयो। अहिले थालिगाडमा विद्युत्को प्रारम्भिक काम सुरु भइसकेको छ। आयोजनाबाट उत्पादित बिजुली एक किलोमिटर लामो ३३ केभी लाइनमार्फत नेपाल विद्युत् प्राधिकरणको धाप सबस्टेसनमा जोडिनेछ। आयोजनाबाट २०८३ वैशाख १० गतेसम्ममा विद्युत् उत्पादन गर्ने लक्ष्य राखिएको छ। आयोजना निर्माणमा ४० देखि ४५ करोड लागत लाग्ने अनुमान गरिएको छ।

# कम्प्युटर, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स र कम्युनिकेसनबारे राष्ट्रिय सम्मेलन शुभारम्भ



भक्तपुर, १२ फागुन । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाकाले विभिन्न कलेजहरू सञ्चालन गरी भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्रको रूपमा विकास गर्ने कोसिस गरिरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा भएको कम्प्युटर, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स र कम्युनिकेसनबारे राष्ट्रिय सम्मेलनको शुभारम्भ कार्यक्रममा बोल्दै उहाँले कलेजले २०८२ सालमा मात्र २ वटा अन्तर्राष्ट्रिय सम्मेलन र २ वटा राष्ट्रिय सम्मेलन गरी ४ वटा सम्मेलनहरू आयोजना गरिसकेको उल्लेख गर्दै भक्तपुरलाई बौद्धिक छलफल र चिन्तन गर्ने थलोको रूपमा विकास गरिरहेको बताउनुभयो ।

नपाबाट सञ्चालित कलेजहरूले दक्ष इन्जिनियरहरू मात्र होइन इमानदार, अनुशासित र देशभक्त प्राविधिकहरू उत्पादन गर्ने प्रयास गरिरहेको विचार व्यक्त गर्दै उहाँले विभिन्न विषयमा यी कलेजहरूले आयोजना गर्ने सम्मेलनले भक्तपुरको शैक्षिक क्षेत्रलाई उचाइमा पुऱ्याउने काम गरिरहेको र ज्ञानविज्ञानको केन्द्र बनाउने अग्रजले देख्नुभएको सपना पनि पूरा हुने क्रममा छ भन्नुभयो ।

इन्जिनियरिङ कलेजको सहकार्यमा नपा आफैले अनुसन्धान केन्द्र सञ्चालन गर्न बजेट छुट्याएको बताउँदै ख्वप विश्वविद्यालयलाई देशकै उदाहरणीय नगरपालिकाको रूपमा सञ्चालन गर्ने लक्ष्य नगरपालिकाले लिएको प्रमुख प्रजापतिले बताउनुभयो ।

सक्षम स्थानीय तहलाई विश्वविद्यालय सञ्चालन गर्ने अधिकार दिनुपर्ने पक्षमा नेमकिपाले विगतदेखि नै जोड दिँदै आएको बताउँदै उहाँले अनसन्धानकेन्द्रित फरक शैलीमा शिक्षा दिने र उत्पादन श्रमसँग मिल्ने शिक्षा दिने उद्देश्यले ख्वप विश्वविद्यालयको अवधारणा अगाडि आएको विचार व्यक्त गर्नुभयो ।

सम्मेलनको मुख्य उद्देश्य भनेकै विद्यार्थीलाई अनुसन्धानकेन्द्रित भएर काम गर्न उत्साहित गर्ने, समयसँगै प्रतिस्पर्धी विद्यार्थी तयार गर्ने र विश्वलाई योगदान गर्ने जनशक्ति तयार गर्नु हो भन्दै उहाँले कलेज र विश्वविद्यालयहरू अनुसन्धानको केन्द्र हुनुपर्छ भन्ने मान्यताले भक्तपुर नपाले अनुसन्धानमा जोड दिँदै आएको बताउनुभयो ।

नपाको स्वामित्वमा सञ्चालित कलेजहरूमा अनुसन्धानको निम्ति वार्षिक करोडौँको बजेट छुट्याउँदै आएको बताउँदै उहाँले विश्वविद्यालय जस्तो प्राज्ञिक थलोमा हुने बन्द हडतालले गर्दा शैक्षिक क्रियाकलापमा नकारात्मक असर पार्ने स्पष्ट पार्नुभयो ।

विश्वविद्यालय र कलेजमा शान्तिपूर्ण वातावरण भए मात्र विद्यार्थीहरूले सहज रूपमा पठन पाठन गर्नसक्ने बताउँदै प्रमुख प्रजापतिले युवा जनशक्ति बिदेसिँदा देश नै पछाडि परिरहेको बताउनुभयो ।

उपप्रमुख रजनी जोशीले सम्मेलनको उपलब्धि र अनुसन्धानका निष्कर्षबारे व्यापक छलफलको आवश्यकता औँल्याउँदै कलेजका गतिविधिले नगरपालिकाको उद्देश्य पूरा गर्न मद्दत पुऱ्याइरहेको बताउनुभयो । उहाँले भक्तपुर नगरपालिकाले समाजलाई बुद्धिजीवीकरण गर्दै भक्तपुरलाई देशकै उत्कृष्ट सहर बनाउन नगरपालिका प्रयासरत रहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माक र ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवालले कलेजको आयोजनामा भएको सम्मेलनहरूमा विद्यार्थीहरूको उत्साहजनक सहभागिताले कलेजलाई थप हौसला मिलेको बताउँदै सम्मेलन विद्यालयकेन्द्रित रहेको र अनुसन्धानलाई अझ परिस्कृत ढङ्गले अगाडि बढाउन प्रयत्न गरिने बताउनुभयो ।

# जनताको मत देशभक्त पार्टीलाई दिनुपर्ने

भक्तपुर, १२ फागुन । चाँगुनारायण नगरपालिका वडा नं. ५ र ६ का जनताबिच तेलकोटबाट मादलको घरदैलो कार्यक्रम मङ्गलबार सुरु भयो ।

कार्यक्रममा भक्तपुर क्षेत्र नं. १ का प्रत्यक्ष उम्मेदवार प्रेम सुवालले निर्वाचन बृहत् राजनीतिक कक्षा, वर्गसङ्घर्ष, ब्यारोमिटर र घोषणापत्रको लडाइँ हो भन्नुभयो । "नेपाल मजदुर किसान पार्टीले कामदारवर्गको पक्ष लिन्छ । हिजो प्रम, उपप्रम र मन्त्री भएका र अहिले पनि प्रम दाबी गरेका शासक दलहरूले शासक वर्गको पक्ष लिन्छ," उहाँले भन्नुभयो ।

उहाँले फागुन २१ गतेको प्रतिनिधिसभाको चुनावमा नेपाली जनताले नेपालको नदीनाला भारतीय एकाधिकार पुँजीलाई दिने देशघाती शासक दलहरूलाई मत दिनु भष्मासुरलाई वरदानजस्तै हुने उल्लेख गर्नुभयो ।

उहाँले प्रम, उपप्रम र मन्त्री बन्न विस्तारवाद र साम्राज्यवादसामु घुँडा टेक्ने शासक दलहरूलाई मत दिनु देशमा थप सङ्कट निम्त्याउनु हो भन्नुभयो ।

कार्यक्रममा नेमकिपा चाँगु नपा समितिका अध्यक्ष न्हुछेभक्त फोजु र पत्रकार हरिसुन्दर छुकांले पनि बोल्नुभएको थियो ।

तेलकोटबाट सुरु भएको घरदैलो कार्यक्रम खरिपाटीसम्म पुगेको थियो ।

# काम गरिखाने जनताको समस्यालाई सदनमा उठाउने प्रतिबद्धता

सुर्खेत, १२ फागुन । नेपाल मजदुर किसान पार्टी चुनाव प्रचारप्रसार उपसमितिको टोलीले शनिबार भुडेटार बिजौरा, मायाताल तोर्सा हुँदै बिजौरा बजारमा पर्चा, अपिल वितरण तथा घरदैलोपछि बिजौरामा पुगी कोणसभा भयो ।

सभामा नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य तथा सुर्खेत जिल्ला क्षेत्र नं. २ का उम्मेदवार तुल्सी खड्काले नेमकिपाले चुनावलाई जनताको चेतनास्तर नाप्ने ब्यारोमिटरको रूपमा उपयोग गरेको उल्लेख गर्दै शोषितपीडित काम गरिखाने जनताको आवाजलाई सदनमा उठाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले जनतालाई राजनीतिक रूपमा सचेत पार्न आफ्नो उम्मेदवारी रहेको स्पष्ट पार्नुभयो ।

कार्यक्रममा नीरकबहादुर शाही र गगनबहादुर विकले पार्टीको सिद्धान्त र घोषणापत्रबारे स्पष्ट पार्नुभएको थियो ।

त्यस्तै, गुढुबजारमा आइतबार चुनावी प्रचारप्रसार र घरदैलोसहित सभा भयो ।

सभामा तुल्सी खड्का, अकलबहादुर राना र नीरकबहादुर शाहीले पुँजीवादी निर्वाचन निष्पक्ष र धाँधलीरहित नहुने बताउनुभयो ।

त्यस्तै, क्षेत्र नं. २ का विध्यापुर बजार, दुलाल थाई, माझी गाउँ हुँदै बानिया चौरको तिलकपुरमा अपिल र पर्चा वितरण गरी मतदातालाई सचेत गराइयो ।

पलैटे बजारका विद्यार्थी, शिक्षक र बुद्धिजीवीलाई अपिल र पर्चा वितरणपछि सभा भयो ।

उक्त सभामा तुल्सी खड्का, भीमबहादुर सिजापती र नीरकबहादुर शाहीले पनि बोल्नुभएको थियो । घरदैलो कुभीकोटतर्फ प्रस्थान भई वीरेन्द्रनगरसम्म पुगेको थियो । यसरी नै अन्य दलहरूको पनि घरदैलो तथा भेटघाट कार्यक्रम भइरहेको छ ।

# देशको शिर निहुरिन नदिन संसद्मा देशभक्त दलको खाँचो

दार्चुला, १२ फागुन । नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवम् दार्चुला जिल्लाका उम्मेदवार रमेशकुमार रावलले फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनको शिलशिलामा मार्मा गाउँपालिका वडा नं. ३ लाटिनाथ बजार, बिटरे चिउरेमा घरदैलो कार्यक्रम गर्नुभयो । उम्मेदवार रावलले राजनीति भनेको देश र जनताको नि:स्वार्थ सेवा हो भन्नुभयो ।

उहाँले नेपालमा बहुदलपछि ३५ वर्षसम्म सरकारमा बसेका शासक दलहरूले राजनीतिलाई पेसा बनाएका कारण जनताले दु:ख पाएको बताउनुभयो ।

उहाँले शासनसत्तामा रहेका दलहरूले राष्ट्रघाती सन्धि सम्झौता, जन्मको आधारमा विदेशीलाई दिने नागरिकता विधेयक, एमसीसी बहुमतले पारित गरेर देशलाई विदेशीको परेड भूमि बनाउने शासकहरूको विरोधमा देशभक्त नेपालीले विरोध गर्नुपर्छ भन्नुभयो ।

दार्चुला जिल्लाको ३० हजार हेक्टर भूमि भारतले अतिक्रमण गरेकोमा सडकदेखि सदनसम्म सङ्घर्ष गर्ने नेपाल मजदुर किसान पार्टी भएको उहाँले स्पष्ट पार्नुभयो । संसद् नीति नियम र कानुन बनाउने भएकोले विदेशी दलाल ,राष्ट्रघाती र देशद्रोहीहरूलाई हराई देशभक्त पार्टी नेमकिपालाई जिताउन मतदातामाझ उहाँले आग्रह गर्नुभयो ।

उहाँले यो निर्वाचनबाट बन्ने सरकार पनि पुँजीवादी सरकार नै बन्ने हुँदा बहुमत कामदार जनताको हित हुनेछैन भन्नुभयो । उहाँले समाजवादी व्यवस्थामा मात्र कामदार जनताको हित हुन्छ भन्नुभयो ।

उहाँले दार्चुलाबासी जनता स्वाभिमानी भएकोले देशको शिर निहुरिन नदिन देशभक्त दललाई रोज्नुपर्ने बताउनुभयो ।

**चुनाव...**

मेलामा पूर्वशिक्षक उद्धव सुजखुले प्रत्येक चुनावमा मिठो आश्वासन दिँदै जितेका शासक दलहरू मतदाताहरूको इच्छा आकाङ्क्षाले होइन विदेशी इसाराले शासन गर्दै देश र जनतालाई भड्खालोमा पारेको विगतको तथ्यलाई उजागर गर्दै अबको मत निष्ठा र इमानको राजनीति गर्ने देश र जनताको सेवामा समर्पित पार्टीका उम्मेदवारहरूलाई प्रदान गर्न अनुरोध गर्नुभयो ।

नेपाल क्रान्तिकारी मजदुर सङ्घ भक्तपुरका उपेन्द्र सुवाल र नेपाल क्रान्तिकारी महिला सङ्घका अगुवा कृष्णलक्ष्मी दुवालले पनि बोल्नुभएको थियो ।

**तनहुँ...**

परास्त गर्न मतदान गर्नुपर्ने बताउनुभयो ।

सोही दिन पर्वत जिल्लाको कार्कीनेटामा पनि घरदैलो र चुनावी प्रचार सम्पन्न भयो ।

त्यस्तै चुनावी प्रचारप्रसार अन्य दलका उम्मेदवारले पनि तीव्र पारेका छन् । तनहुँ र पर्वतका जनता नेमकिपाको सिद्धान्त र विचारबाट आकर्षित हुन थालेका छन् ।

# काठमाडौँका उम्मेदवार बिन्द्रा महर्जनलाई कीर्तिपुरमा स्वागत

काठमाडौँ, १२ फागुन । नेपाल मजदुर किसान पार्टी काठमाडौँ जिल्ला क्षेत्र नं. १० का उम्मेदवार बिन्द्रा महर्जनलाई कीर्तिपुर नपा वडा नं. ६ मा स्थानीय जनताले स्वागत गरेका छन् । कीर्तिपुर नपाको वडा नं. ५ र ६ को घरदैलो कार्यक्रमअन्तर्गत वडा नं. ६ का स्थानीयबासीले उहाँलाई स्वागत गरेका हुन् ।

घरदैलो कार्यक्रममा सचेत मतदाताहरूले नेमकिपा इमानदार, स्वच्छ पार्टी भएकोले संसद्मा पठाउनुपर्ने विचार व्यक्त गरे ।

यो निर्वाचनमा भ्रष्टाचारी र कुशासन गर्ने पार्टीका उम्मेदवारहरूलाई हराउनुपर्ने स्थानीय जनताको अभिमत हो ।

नेमकिपा देश र जनताको हितमा बोल्ने देश र जनताको पक्षमा कानुन बनाउन सङ्घर्ष गर्ने दल रहेको स्मरण पनि मतदाताहरूले गरे ।

भेटघाटमा उम्मेदवार महर्जनले जनताको आवाज र समस्या संसद्मा पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

फरार कैदीवन्दीको खोजीमा सहयोग गरौं।

❖जेन-जी आन्दोलनका क्रममा विभिन्न कारागारबाट फरार भएका कैदीवन्दीको खोजी कार्य भइरहेको छ।

❖फरार कैदीबन्दीको नामावली कारागार व्यवस्थापन विभागले वेवसाइटमा सार्वजनिक गरेको छ।

❖सरकारले फरार कैदीबन्दी खोजी तथा पक्राउ कार्यलाई अभियानकै रूपमा सञ्चालन गरेको छ।

❖फरार कैदीवन्दीको खोजतलास कार्यमा सहयोग पुऱ्याउनु सबै नागरिकको कर्तव्य हो।

❖सरकारले फरार भएका कैदीबन्दीबारे सूचना भए नजिकको सुरक्षा निकायमा उपलब्ध गराई दिन अनुरोध गरेको छ।

फरार कैदीवन्दीको खोजीमा सहयोग गरौं,
सरकारलाई शान्ति सुरक्षा कायम गर्न सघाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

हार्दिक समवेदना



भक्तपुर जिल्ला हाल चाँ.न.पा. वडा नं. ९ बनमाला टोल बस्ने यस संस्थाका सदस्यता नं. १०३०८ का सदस्य **कमला बनमाला**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

जन्म: २०२८/०५/०६
निधन: २०८२/१०/२६

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर

हार्दिक समवेदना

जन्म
१९९७।०३।०७



निधन
२०८२।११।०७

यस निर्माण सेवाका शुभचिन्तक एवं समाजसेवी साथी (दाइ) हरू विष्णुभक्त खर्बुजा, कृष्णप्रसाद खर्बुजा, सूर्यप्रसाद खर्बुजा तथा साथी (भाइ) चन्द्रप्रसाद (सुमन) खर्बुजाकी ममतामयी माता **कृष्णमाया खर्बुजा**को दु:खद निधन भएको आज सातौं दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**तेखापुखु निर्माण सेवा**
तेखापुखु, भक्तपुर

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा